का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ चैत २०८१,
सोमबार
7 April, 2025
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २३, अंक ६४ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कर्णालीका दुःख

## गोदाममै थन्किए पाठ्यपुस्तक



**पूर्ण सार्की / मध्यान्ह**
सुर्खेत, २४ चैत ।

कर्णालीमा बर्सेनि शैक्षिक सत्र सुरु भएको महिनौं पछि पाठ्यपुस्तक पुग्ने गर्छ । शैक्षिक सत्र सुरु भएको महिनौं पछि विद्यार्थीले नयाँ पाठ्यपुस्तक पढ्न पाउँछन् । कतिपय ठाउँमा त पाठ्यपुस्तक नपुगेरै शैक्षिक सत्र सकिन्छ ।

नयाँ शैक्षिक सुरु हुन हप्ता दिन बाँकी रहँदा वितरकको ढिलासुस्तीका कारण यतिबेला जनक पृष्ठ २ मा

शैक्षिक सामग्री समयमै विद्यालयहरूमा नपुगेमा त्यसको असर विद्यार्थीको पठनपाठनमा प्रत्यक्ष रूपमा पर्छ । सम्बन्धित विद्यालयका स्थानीय तह र शिक्षा शाखाबीच समन्वय अभावका कारण पनि पाठ्यपुस्तक वितरणमा ढिलाइ भइरहेको छक

### कुन जिल्लामा कति पुगे पाठ्यपुस्तक ?

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड प्रादेशिक शाखा सुर्खेतका अनुसार १२ चैतदेखि हालसम्म ८-९ हजार सेट बराबरका पाठ्यपुस्तक मात्र बिक्री वितरण भएका छन् । तीमध्ये दैलेखमा कक्षा ६ देखि १० सम्मका लागि १ हजार ८०० सेट, सुर्खेतमा कक्षा ६ देखि १० कक्षासम्मका लागि २ हजार सेट र कक्षा ३ का लागि ८०० सेट पाठ्यपुस्तक गएका छन् ।

जाजरकोटमा कक्षा ६ देखि १० सम्मका लागि १ हजार सेट, कक्षा ५ का लागि ३०० सेट, कालीकोटमा कक्षा पृष्ठ २ मा

जनमत-नागरिक उन्मुक्ति एकीकरण

## शक्ति आर्जनको प्रयास

प्रतिनिधिसभामा मधेशको ठूलो दल उजसपा नेपाल छ । जसपा विभाजन भइसकेको अवस्थामा नाउपा र जनमत एकता भए यो प्रतिनिधिसभामा मधेशबाट प्रतिनिधित्व गर्ने ठूलो दल बन्ने छ

**निमिष झा / मध्यान्ह**
काठमाडौं, २४ चैत ।

थारू र मधेश केन्द्रित २ राजनीतिक दलले नेपाली राजनीतिमा शक्ति आर्जनको प्रयास गरेका छन् ।

मधेशको जनमत पार्टी र थारू बाहुल्य रहेको नागरिक उन्मुक्ति पार्टीबीच एकीकरण करिब अन्तिम चरणमा पुगेको छ । एकीकरण भएर पार्टीलाई प्रतिनिधिसभामा मधेशबाट शक्तिशाली दल बनाउने प्रयत्न छ ।

एकता प्रक्रियालाई टुंग्याउन दुवै पक्षका नेताहरू पछिल्ला दिनमा सघन छलफलमा छन् । दुवै पार्टीलाई एकीकरण गरेर राष्ट्रिय मुद्दा र जनसवाललाई सशक्त रूपमा उठाउनेगरी एकताका लागि पहल गरिएको नेताहरू बताउँछन् ।

दुवै पार्टीले एकीकरणका लागि गठन गरेका कार्यदलले विभिन्न चरणमा बैठक गरेर सहमतिको बिन्दु पहिल्याउन कसरत गरिरहेका छन् । कार्यदल र शीर्ष नेतृत्व तहमा चरणबद्ध छलफल भइरहेको पनि नेताहरूले बताएका छन् ।

### सघन छलफल

जनमत पार्टीका उपाध्यक्ष अब्दुल खान पार्टी एकीकरणलाई अन्तिम रूप दिन आन्तरिक र बहुपक्षीय छलफल तीव्र रूपमा भइरहेको र आगामी १५ वैशाखभित्रै पार्टी एकीकरणको घोषणा गर्ने तयारी भइरहेको बताउँछन् ।

जनमत पार्टीका तर्फबाट गठित कार्यदलका संयोजकसमेत रहेका खानले भने, 'नयाँ बन्ने पार्टीको नाम, झण्डा, चुनाव फाइनल भइसकेको छ । हाल पार्टीको विधान लेख्ने काम भइरहेको छ ।'

एकता कार्यदलको प्रतिवेदन पेस गर्नुअघि नै पार्टीको नामदेखि चुनाव चिह्न जस्ता विषयमा सहमति भएको छ । नेताहरूका अनुसार नयाँ दलको नाम ' जनमत नागरिक उन्मुक्ति पार्टी' रहने छ ।

अध्यक्ष डा. सीके राउत नै रहने लगभग सहमति पृष्ठ २ मा



### धेरै विषयमा सहमति

एकीकृत पार्टीको प्रस्तावना संघीय लोकतान्त्रिक गणतन्त्रात्मक बहुराष्ट्रिय राज्य हुने सहमति जुटेको छ । यस्तै, पहिचानको मुद्दालाई प्राथमिकता दिने विषयमा सहमति भएको छ ।

२००७ सालको विद्रोह, २०४६ र २०६३ सालका जनआन्दोलन र माओवादी जनयुद्धदेखि विभिन्न समयमा भएका आदिवासी जनजाति, मधेश, स्वराज, थरूहट-थारूवान्, दलित र मुस्लिम आन्दोलनहरूले आफ्नो पहिचान, अधिकार र आत्मनिर्णयका लागि गरेको संघर्षलाई एकीकृत पार्टीले अपनत्व लिँदै पहिचानका सवाललाई सशक्त बनाउने लक्ष्य एकीकृत पार्टीको छ । यस्तै, एकीकृत पार्टीले प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको शासकीय स्वरूपलाई मुद्दा बनाउने पृष्ठ २ मा

### बलियो शक्ति

पार्टी एकतामार्फत मधेशसहित थरूहटको ठूलो दल बन्ने ध्याउन्न दुवै दलको छ । विभाजनको डरपछि उनीहरूले एकता प्रक्रियालाई तीव्रता दिएका हुन् । जनमत पार्टीभित्र अध्यक्ष राउत स्वेच्छाचारी ढंगले अघि बढेको भन्दै उनको तीव्र आलोचना र विरोध हुँदै आएको छ ।

यस्तै, नागरिक उन्मुक्ति पार्टीभित्र पनि अध्यक्ष श्रेष्ठ र संरक्षक चौधरीबीचको विवादले पार्टीको भविष्यप्रति प्रश्न उठ्दै आएको थियो । दुवै दलले विभाजन रोक्न एकतालाई प्राथमिकतामा राखेका हुन् ।

पार्टी एकीकरण भएपछि पहिचानवादी शक्ति, आदिवासी जनजाति समुदायहरू एकताबद्ध भएर आफ्ना मुद्दालाई बलियो बनाउन सकिने अपेक्षा दुवै दलका नेताहरूको पृष्ठ २ मा

## विपक्षीले मागे संसद्को विशेष अधिवेशन

२७५ सदस्यीय प्रतिनिधिसभामा विशेष अधिवेशन बोलाउन एक चौथाइ अर्थात् ६९ सांसद आवश्यक पर्छ । यसका लागि माओवादी केन्द्रसँग मात्र पर्याप्त संख्या छैन



शिक्षकहरूको निम्ति जरुरी पर्‍यो भने संसद्को विशेष अधिवेशन बोलाउन सकिन्छ । यसका लागि आजैदेखि प्रतिपक्षी दलहरूसँग छलफल गर्छु

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
**अध्यक्ष, नेकपा (माओवादी केन्द्र)**

**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, २४ चैत ।

प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)ले संसद्को विशेष अधिवेशन माग गरेको छ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शिक्षकहरूको माग पूरा गर्न संसद्को विशेष अधिवेशन बोलाउन सकिने बताएका हुन् ।

विद्यालय शिक्षा ऐन मागेर शिक्षकहरू अनवरत आन्दोलनमा छन् । विद्यालय शिक्षा विधेयक प्रतिनिधिसभाअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफलमा छ । विद्यालय शिक्षा विधेयक ऐनका रूपमा नपाएसम्म आन्दोलन छाडेर घर नफर्किने शिक्षकहरूको अडान छ । यही बेला विपक्षी दलका नेता पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### नेपाल वैदेशिक रोजगार व्यवसायी संघ निर्वाचन

## ३६ जनाको उम्मेदवारी दर्ता



**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यही २९ चैतमा हुने निर्वाचनका लागि ३६ जना व्यवसायीको उम्मेदवारी दर्ता भएको छ । संघको २१ सदस्यीय कार्यसमितिमा अध्यक्षसहित ७ पदाधिकारी र १० सदस्य गरी १७ पदको प्रत्यक्ष निर्वाचन हुने व्यवस्था छ भने ४ जना कार्यसमिति सदस्य निर्वाचित अध्यक्षले मनोनीत गर्न पाउँछन् ।

यस पटक संघको निर्वाचनका लागि २ प्यानल सार्वजनिक भएका छन् । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको असन्तुष्ट पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्थाबीचको तालमेलमा गठित संयुक्त व्यवसायी समूहको अध्यक्षमा संघका पूर्वमहासचिव तथा मञ्चका पूर्वअध्यक्ष एचआर इन्टर नेसनल सर्भिस प्रा.लि.का संचालक नरेश गेलालले उम्मेदवारी दिएका छन् । सो प्यानललाई राष्ट्रिय प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघले पनि समर्थन जनाएको छ ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्चसँगको तालमेलका आधारमा बनेको प्यानलको अध्यक्ष पदमा संघका पूर्व द्वितीय उपाध्यक्ष तथा गुरुङ म्यानेजमेन्ट प्रा.लि.का संचालक भुवनसिंह गुरुङले उम्मेदवारी दिएका छन् ।

गुरुङको प्यानलबाट प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रा.लि.का संचालक नरेन्द्रप्रसाद ढकाल, द्वितीय पृष्ठ २ मा

### गेलाल समूहको क्षेत्रीय भेला बसुन्धरामा

**काठमाडौं / मस**–नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनका लागि उम्मेदवारी दर्ता भएपछि प्रचारप्रसारका लागि क्षेत्रीय भेलाहरू सुरु भएका छन् ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको असन्तुष्ट पक्ष र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीचको तालमेलमा गठित संयुक्त व्यवसायी समूहले बसुन्धरामा क्षेत्रीय भेला सम्पन्न गरेको छ । भेलालाई समूहका अध्यक्षका उम्मेदवार नरेश पृष्ठ २ मा

### गुरुङ समूहको क्षेत्रीय भेला ललितपुरमा

**काठमाडौं / मस**–नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि भुवनसिंह गुरुङ अध्यक्षका उम्मेदवार रहेको लोकतान्त्रिक-गणतान्त्रिक समूहले ललितपुरमा क्षेत्रीय चुनावी भेला सम्पन्न गरेको छ । यसअघि राजधानीको तीनकुनेमा क्षेत्रीय भेला सम्पन्न गरेको सो प्यानलले आइतबार ललितपुरमा दोस्रो क्षेत्रीय भेला सम्पन्न गरेको हो । पृष्ठ २ मा

### रहेनन् वरिष्ठ पत्रकार भैरव रिसाल



**काठमाडौं / मस**– वरिष्ठ पत्रकार तथा लेखक भैरव रिसालको निधन भएको छ । आइतबार काठमाडौंको फ्रन्टलाइन हस्पिटलमा उनको निधन भएको उनको पारिवारिक स्रोतले जानकारी दिएको छ ।

९७ वर्षका रिसालको आइतबार राति ८ बजेतिर निधन भएको हो ।

मृत्युपछि शरीर दान गरेका रिसालको शव पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बुझाइने परिवारले बताएको छ ।

१९८५ सालमा भक्तपुरमा जन्मिएका रिसालले संस्कृत पाठशालामा संस्कृतको प्रारम्भिक अध्ययन गरेका थिए । पछि तीनधारा पाठशाला हुँदै बनारसबाट संस्कृतमा आचार्यसम्मको अध्ययन गरेका थिए ।

२००७ सालको क्रान्तिपछि नै पत्रकारिता सुरु गरेका रिसालले तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यका पालादेखि नै नेपाली पत्रकारितामा सक्रियता देखाएका थिए ।

राष्ट्रिय समाचार समिति तथा विभिन्न पत्रपत्रिकामा लामो समय काम गरेका रिसाल नेपालमा वातावरण पत्रकारिताका अग्रणीसमेत हुन् । पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

२५ चैत २०८१ सोमबार
7 April 2025, Monday

# पूर्वउपराष्ट्रपति पुन माओवादी केन्द्रको उपाध्यक्ष मनोनीत

**काठमाडौं/मस-** नेकपा माओवादी केन्द्रले पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनलाई उपाध्यक्ष पदमा मनोनीत गरेको छ। १८ र १९ चैतमा बसेको माओवादी केन्द्रको पदाधिकारी बैठकले पुनलाई उपाध्यक्ष पदमा मनोनीत गरेको हो।

पुनलाई केन्द्रीय सदस्य, स्थायी कमिटी हुँदै उपाध्यक्ष पदमा मनोनीत गरिएको बताइएको छ। दुई कार्यकाल उपराष्ट्रपति बनेका पुन केही समयदेखि माओवादीको बैठकहरुमा सहभागी हुँदै आएका थिए। अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकै चाहनाअनुसार पासाङ पार्टी राजनीतिमा फर्किएको बताइएको छ।

सात वर्षसम्म उपराष्ट्रपति भएर पदावधि सकिएपछि दहचोकस्थित निवासमा आराम गरिरहेका उनी प्रचण्डको आग्रहपछि पार्टी राजनीतिमा सक्रिय हुने निर्णयमा पुगेका हुन्।



पासाङ आफैँ पनि उपराष्ट्रपतिको कार्यकाल पूरा भएपछि सक्रिय राजनीतिमा आउन चाहेका थिए। पासाङ २०७२ सालमा उपराष्ट्रपतिमा निर्वाचित भएपछि माओवादीबाट अलग भएका थिए। पासाङले २०४८ सालदेखि एकता केन्द्रबाट पूर्णकालीन भएर राजनीति सुरु गरेका थिए। एकता केन्द्रको रोल्पाको प्रथम जिल्ला सम्मेलनबाट जिल्ला सदस्यमा चयन भए। कृष्णबहादुर महरा, सन्तोष बुढामगर, करुण, प्रताप र पासाङसहितको पाँच सदस्यीय जिल्ला समिति बन्यो। पासाङ 'जनयुद्ध'को तयारी गर्दा वाईसीएलको जिल्ला अध्यक्ष र सैन्य प्रशिक्षक भए।

पासाङले 'जनयुद्ध'मा माओवादी सेनाको बटालियन कमिसार, बटालियन कमान्डर, ब्रिगेड कमान्डर, डिभिजन कमान्डर, डेपुटी कमान्डर र जनसेना प्रमुख भएर काम गरे। उनी माओवादी पार्टीमा जिल्ला सदस्य, क्षेत्रीय ब्युरो सदस्य, दोस्रो राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य, पोलिटब्युरो हुँदै स्थायी समिति सदस्यसम्म बनेका थिए।

**गोदाममै...**

शिक्षा सामग्री केन्द्र लिमिटेड प्रादेशिक कार्यालय सुर्खेतको गोदामभित्र हजारौंको सेटमा पाठ्यपुस्तक थन्किएका छन्।

पुस्तक वितरकले चाहे यो वर्ष समयमै विद्यार्थीहरूको हातहातमा पाठ्यपुस्तक पुग्ने देखिन्छ तर अहिलेसम्म वितरकहरूले पुस्तक लिन खासै चासो भने देखाएका छैनन्।

जनक शिक्षाले गत १२ चैतदेखि कर्णालीका जिल्लाहरूमा पुस्तक विक्री वितरण गर्न सुरु गरिसकेको छ। केन्द्रले कर्णालीका दैलेख, सुर्खेत, मुगु, कालीकोट, जुम्ला, हुम्ला र जाजरकोटका केही क्षेत्रलाई लक्षित गरेर २५ हजार सेट पाठ्यपुस्तक सुर्खेत पुऱ्याएको थियो।

पाठ्यपुस्तक पुऱ्याएर विक्री वितरण गर्न सुरु गरेको २ हप्ता बढी बितिसक्दासमेत सम्बन्धित निकायहरूले चासो नदिँदा करिब १७ हजार सेट बराबरका पाठ्यपुस्तक गोदामभित्रै थन्किएका जनक शिक्षा सामग्री केन्द्र लिमिटेड प्रादेशिक कार्यालय सुर्खेतका प्रमुख भैरवबहादुर पन्तले जानकारी दिए।

पन्तले समयअगावै सबै पाठ्यपुस्तक शाखामा आइपुगेका र सम्पूर्ण पुस्तक वितरकहरूलाई पाठ्यपुस्तक लगी विद्यार्थीहरूको पठनपाठनमा सहज बनाइदिन आग्रहसमेत गरे।

प्रत्येक वर्ष जस्तै यो वर्ष पनि वितरकको ढिलासुस्तीका कारण विद्यार्थीको सिकाइमा गम्भीर असर पर्ने सम्भावना देखिएको छ। कर्णालीका डोल्पा, रुकुम पश्चिम, सल्यान र जाजरकोटका केही क्षेत्रले भने नेपालगन्जदेखि पुस्तक लैजाने गरेका छन्।

**कुन...**

६ देखि १० सम्मका लागि २ हजार ५०० सेट, कक्षा ५ का लागि १ हजार सेट र कक्षा ३ का लागि ४०० सेट र जुम्लामा कक्षा ६-१० सम्मका लागि १ हजार सेट, कक्षा ५ का लागि ३-४ सय सेट पुस्तक गएका छन्।

हुम्लामा गत माघमै पाठ्यपुस्तक पुगेको थियो भने मुगुमा भने अझै पनि पाठ्यपुस्तक लिनका लागि सम्पर्कमा नआएको शाखा प्रमुख पन्तले जानकारी दिए। पन्तका अनुसार १२ चैतदेखि वितरण प्रक्रियालाई सक्रिय पारिएको भए पनि लक्ष्यअनुसार विक्री र वितरणले गति लिन नसकेको देखिन्छ।

केन्द्रले पुस्तकहरू वितरणका लागि लक्षित क्षेत्र पहिचान गरेर समयमै ढुवानीको प्रयास गरेको भए पनि विद्यालयस्तरमा समयमै माग नआउँदा र समन्वय अभावका कारण गोदाममै थन्किन पुगेको कम्पनीले जानकारी दिएको छ।

शैक्षिक सामग्री समयमै विद्यालयहरूमा नपुगेमा त्यसको असर विद्यार्थीको पठनपाठनमा प्रत्यक्ष रूपमा पर्छ। सम्बन्धित विद्यालयका स्थानीय तह र शिक्षा शाखाबीच समन्वय अभावका कारण पनि पाठ्यपुस्तक वितरणमा ढिलाइ भइरहेको छ।

**शक्ति...**

भइसकेको छ। यस्तै, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ सहअध्यक्ष र पार्टी संरक्षकको जिम्मेवारीमा रहेका रेशम चौधरीलाई सोही जिम्मेवारी दिनेगरी सहमति जुटिसकेको छ।

साथै, एकीकृत दलको चुनाव चिह्न नागरिक उन्मुक्तिको हालको ढकिया हुने छ। अन्य पदाधिकारी तथा नेताहरूको पदबारे कार्यदलले छलफल गरिरहेको छ।

संयोजक खानका अनुसार वैशाखको पहिलो साता आ-आफ्ना केन्द्रीय समितिबाट एकीकृत विधान पारित गरिने र दोस्रो साता पार्टी एकीकरणको घोषणा गरिने छ।

कार्यदलले तयार गरेको प्रतिवेदन दुवै दलका केन्द्रीय समितिबाट अनुमोदन गरी वैशाखमा एकता घोषणा हुने नेताहरूले बताएका छन्।

नागरिक उन्मुक्तिका प्रवक्ता दामोदर पण्डितले ३ वैशाखमा पार्टीका केन्द्रीय समिति बैठक बस्ने र त्यहाँ कार्यदलले प्रतिवेदन पेस गर्ने जानकारी दिए। 'दुवै दलका केन्द्रीय समितिमा कार्यदलको प्रतिवेदन पेस हुने छ। त्यसलाई संशोधन गर्नुपर्ने भए गरिने छ भने सिधै पास हुने अवस्था भए पास गरिने छ', उनले भने।

२ दलको विचार र सिद्धान्त मिल्ने भएकाले एकीकरणलाई टुंग्याउन लागिएको प्रवक्ता पण्डितले जानकारी दिए।

नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठले पार्टी एकीकरण प्रक्रियालाई चाँडै टुंग्याउनेगरी छलफल भइरहेको जानकारी दिइन्। उनले कार्यदल तहमा छलफल भइरहेको र कार्यदलको निचोडलाई अन्तिम रूप दिइने बताइन्।

पार्टी एकीकरणलाई टुंगो लगाउन कार्यदल तहमा छलफल भइरहेको र त्यहाँको निर्णयअनुरूप दुवै पार्टीका शीर्ष नेताहरूले पार्टी एकीकरणलाई अन्तिम रूप दिने अध्यक्ष श्रेष्ठले जानकारी दिइन्।

**धेरै...**

२ दलबीचको सहमति छ। संघ र प्रदेश दुवैतिर गैरसांसद मन्त्री बनाउने प्रस्ताव एकीकृत पार्टीले अघि सार्ने भएको छ।

नेताहरूका अनुसार केही कुरामा मोटामोटी सहमति पनि भइसकेको छ। उदाहरणका लागि पार्टीको नाम, नेतृत्व र पदाधिकारीको विषयमा करिब सहमति बनिसकेको छ। बाँकी विषयलाई कार्यदलको तहबाट चाँडै टुंग्याएर पार्टी एकीकरणलाई पूर्णता दिइने छ।

मुख्य विषयमा सहमति बनिसकेकाले सचिवालय, केन्द्रीय समितिलगायत पार्टीको तल्लो तहका संरचना विस्तारै मिलाउँदै जाने दुवै दलको तयारी छ।

जनमत पार्टीले नागरिक उन्मुक्ति पार्टीसँग एकीकरणका लागि फागुनको तेस्रो साता कार्यदल गठन गरेको थियो भने नागरिक उन्मुक्ति पार्टीले हालै कार्यदल बनाएको छ। जनमत पार्टीका तर्फबाट गठित कार्यदलमा उपाध्यक्ष खानको संयोजकत्वमा पार्टी प्रवक्ता डा. शरद्‌सिंह यादव र बालगोविन्द चौधरी सदस्य छन्।

यस्तै, नागरिक उन्मुक्ति पार्टीका तर्फबाट नेता गंगाराम चौधरीको संयोजकत्वमा कार्यदल गठन गरिएको छ। कार्यदलमा सुनिता चौधरी र रामलाल डगौरा थारू सदस्य छन्।

**बलियो ...**

छ। २०७५ सालमा सीके राउतको नेतृत्वमा जनमत पार्टी र २०७८ सालमा नागरिक उन्मुक्ति पार्टी गठन भएका थिए। जनमत र नाउपाले २०७९ सालको प्रतिनिधिसभा र प्रदेशसभामा पहिलो पटक भाग लिएका थिए।

२०७९ मंसिरमा भएको प्रतिनिधिसभा निर्वाचनमा जनमतका ६ जना सांसद निर्वाचित भएका हुन्। यस्तै, ३ प्रतिशत थेस्रहोल्ड कटाउँदै जनमत राष्ट्रिय दल बनेको छ। यता, नागरिक उन्मुक्ति ४ सिटमा निर्वाचित भएको छ।

२ दलबीच एकीकरण भएमा उनीहरूको सांसद संख्या १० पुग्ने छ। हाल प्रतिनिधिसभामा अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीको सांसद संख्या ७ छ। मधेशको सबैभन्दा ठूलो दल उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल छ। जसपा नेपाल विभाजन भइसकेको अवस्थामा नाउपा र जनमत एकता भए यो मधेशबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ठूलो बन्ने छ।

**विपक्षीले...**

प्रचण्डले शिक्षकहरूलाई उकासेका हुन्।

नेवाः राष्ट्रिय मुक्ति मोर्चाको प्रशिक्षण भेलालाई शुक्रबार सम्बोधन गर्दै प्रचण्डले शिक्षकहरूका निम्ति जरुरी पऱ्यो भने संसद्‌को विशेष अधिवेशन बोलाउन सकिने बताए। यो विषयमा प्रतिपक्षी दलहरूसँग समेत कुरा गर्न सकिने उनको आश्वासन छ।

'शिक्षकहरूको निम्ति जरुरी पऱ्यो भने संसद्‌को विशेष अधिवेशन बोलाउन सकिन्छ। यसका लागि आजैदेखि प्रतिपक्षी दलहरूसँग छलफल गर्छु', प्रचण्डको प्रतिबद्धता छ।

संविधानको धारा ९३ को उपधारा ३ मा विशेष अधिवेशनसम्बन्धी व्यवस्था छ। संसद्‌को अधिवेशन नचलेको अवस्थामा संसद् बैठक बोलाउनुपरे एक चौथाइ सांसदले राष्ट्रपति समक्ष लिखित अनुरोध गर्न सक्छन्।

'राष्ट्रपतिले प्रतिनिधिसभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन बाञ्छनीय छ भनी प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यहरूले लिखित अनुरोध गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोक्ने छ। त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधिसभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्ने छ', संविधानको धारा ९३ को उपधारा ३ मा लेखिएको छ।

२७५ सदस्यीय प्रतिनिधिसभामा विशेष अधिवेशन बोलाउन एक चौथाइ अर्थात् ६९ सांसद आवश्यक पर्छ। यसका लागि माओवादी केन्द्रसँग मात्र पर्याप्त संख्या छैन। यस कारण प्रचण्डले अन्य दलसँगसमेत संवाद गर्ने बताएका हुन्।

माओवादी केन्द्रसँग ३२ जना सांसद छन्। अर्को विपक्षी राष्ट्रिय स्वतन्त्र पार्टीको २१ सिट छ। राष्ट्रिय प्रजातन्त्र पार्टीको १४ सिट र नेकपा (एकीकृत समाजवादी)को १० सिट छ। यी दलहरू मिलेका खण्डमा विशेष अधिवेशन बोलाउन आवश्यक संख्या पुग्छ।

सत्तारूढ दलहरू नियमित अधिवेशन नै केही समयमा आह्वान हुने भएकाले विशेष अधिवेशन माग गरिरहन नपर्ने बताउँछन्। संघीय संसद्‌को विधेयक अधिवेशन यही १९ चैतमा अन्त्य भएको थियो।

अधिवेशन अन्त्य भएको १ साता हुँदै छ। तत्काल माओवादी अध्यक्ष प्रचण्डले अर्को अधिवेशन माग गरेका हुन्।

१५ जेठमा बजेट ल्याउनुपर्छ। त्यसको १५ दिन अगाडि प्रि-बजेट छलफल सक्नुपर्छ। यस कारण वैशाखको दोस्रो सातासम्म अधिवेशन आह्वान हुन सक्ने नेताहरू बताउँछन्।

**३६ जनाको...**

उपाध्यक्षमा अलर्ट ओभरसिज प्रा. लि.का संचालक देवकुमार खोखाली, तृतीय उपाध्यक्षमा इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रा. लि.का संचालक हर्कबहादुर लिम्बू, महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा. लि.का संचालक महेशकुमार बस्नेत, सचिवमा आकृति रिक्रुटिङ प्रा. लि.का संचालक कुन्छा दोर्जे दिम्दोङ र कोषाध्यक्षमा शुभ हारती म्यानपावर प्रा. लि.का संचालक विक्रम श्रेष्ठले उम्मेदवारी दिएका छन्।

सो प्यानलबाट कार्यसमिति सदस्यमा इम्पेरियल ओभरसिज प्रा. लि.की संचालक विद्यालक्ष्मी बज्राचार्य, राज ग्रुप अफ कम्पनीका संचालक राज लामा तामाङ, हिमालयन भ्याली नेपाल प्रा. लि.का संचालक देवीप्रसाद गिरी, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक दीपककुमार राय, रसुवा ओभरसिज प्रा. लि.का संचालक सुवर्ण लामा, सेक्युर नेपाल जब प्रा. लि.का संचालक सुमनराज पाण्डे, सिल्भर कर्नर ओभरसिज प्रा. लि.का कैलाश पाठक, ग्लोबल एचआर हब प्रा. लि.की संचालक गीता राउत, युनिभर्स एच.आर. सोलुसन प्रा. लि.का संचालक भरत सापकोटा, रिजा ओभरसिज प्रा. लि.की संचालक रेखा शर्मा, इगल म्यानपावर कन्सल्टेन्ट प्रा. लि.का संचालक कृष्ण ढकालले उम्मेदवारी दिएका छन्।

यता, गेलाल प्यानलबाट प्रथम उपाध्यक्षमा एलायन्स ह्युमन रिसोर्स प्रा. लि.का संचालक सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा इम्प्लोइमेन्ट लिंक नेपाल प्रा. लि.का संचालक मधुकर रिजाल, तृतीय उपाध्यक्षमा न्यु अल्फा एचआर प्रा. लि.का संचालक बैकुण्ठ पौडेल वैभव, महासचिवमा डाइनामिक स्टाफिङ सोलुसन प्रा. लि.का संचालक कर्णराज कटुवाल, सचिवमा कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रा. लि.का संचालक अनिल बोगटी र कोषाध्यक्षमा कालिञ्चोक एचआर प्रा. लि.की संचालक धनु सिँजालीले उम्मेदवारी दिएका छन्।

सो प्यानलबाट कार्यसमिति सदस्यमा माउन्टेन ग्रुप प्रा. लि.का संचालक देउमान नेम्बाङ, ग्रोथ प्रोसेस इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक राजेन्द्र बस्नेत, उज्यालो ओभरसिज प्रा. लि.का संचालक चन्द्र लिम्बू, विनर एचआर सोलुसन प्रा. लि.की संचालक हिमा गुरुङ, रियो ओभरसिज प्रा. लि.की संचालक रमा खड्का, गल्फ इम्पायर ओभरसिज प्रा. लि.का संचालक दिनेश बस्नेत, आयुश ओभरसिज प्रा. लि.का संचालक कामेश्वर साह राहुल, सिगल ओभरसिज प्रा. लि.का संचालक छत्र बस्नेत, डेस्टिनी ह्युमन रिसोर्स प्रा. लि.का संचालक युवराज देवकोटा र गल्फ एसिया म्यानपावर प्रा. लि.का संचालक राजेश यादवले उम्मेदवारी दिएका छन्।

ओभरसिज इम्प्लोइमेन्ट प्रा. लि.का संचालक अख्तर हुसेनले प्रथम उपाध्यक्ष र अक्सन ओभरसिज प्रा. लि.का संचालक ईश्वर सापकोटाले सचिवमा उम्मेदवारी दिएका छन्।

निर्वाचन समितिका सदस्य भवानी निरौलाले प्रतिनिधितर्फ ४ र उम्मेदवारतर्फ १ जनाको दाबी विरोध दर्ता भएको र सोमबार माग गरिएका प्रमाणका आधारमा उजुरीको छिनोफानो हुने बताए। उनले उजुरी छानबिनका क्रममा रहेको भन्दै निर्णय नहुँदासम्म गोप्य राख्ने निर्वाचन समितिमा सहमति भएको बताए।

**गुरुङ...**

भेलालाई कार्यसमिति पदाधिकारी तथा सदस्यका उम्मेदवारसहित मूल निर्वाचन परिचालन समितिका संयोजकलगायतले सम्बोधन गरे। कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य जीतजंग बस्नेत, केन्द्रीय सदस्य अब्दुल सतार, नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य घनश्याम रजकको आतिथ्य थियो।

समूहका अध्यक्षका उम्मेदवार गुरुङ म्यानेजमेन्ट प्रा.लि.का संचालक गुरुङले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानका लागि सरकारसँग छलफल र समन्वय गरेर समस्याको समाधानका लागि दिनरात खटिने प्रतिबद्धता जनाए।

गुरुङले कुनै पनि आवरणमा हुने सिन्डिकेटका विरोधमा काम गर्ने पहिलो प्रतिबद्धता रहेको बताउँदै विभिन्न भ्रम छरेर संघको निर्वाचनमा विरोधी प्यानल आएको भन्दै व्यवसायी सचेत हुनुपर्ने जिकिर गरे।

प्रथम अध्यक्षका उम्मेदवार नोकरी नेपाल प्रा. लि.का संचालक नरेन्द्रप्रसाद ढकालले वैदेशिक रोजगार क्षेत्रमा सुधार गर्न र सिन्डिकेटलगायत व्यवसायीविरोधी गतिविधि रोक्न अधिकतम प्रयास गर्ने समूहको लक्ष्य रहेको भन्दै व्यवसायीलई घात गर्ने कुनै काम नगर्ने प्रतिबद्धता जनाए।

नेपाली दूतावासहरूमा मागपत्र प्रमाणीकरणका लागि पेस भएपछि प्राथमिकता सूचीका आधारमा प्रमाणीकरण हुने व्यवस्था स्थापित गर्ने पनि उनको भनाइ छ।

द्वितीय उपाध्यक्षका उम्मेदवार अलर्ट ओभरसिज प्रा. लि.का संचालक देव खोखालीले वैदेशिक रोजगार विभागमा पीडितका नाममा हुने अराजकताको अन्त्य र व्यवसायी सुरक्षाका लागि काम गर्ने प्रतिबद्धता जनाए।

तृतीय उपाध्यक्षका उम्मेदवार इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रा. लि.का संचालक हर्क लिम्बूले व्यवसायी एकतामा जोड दिँदै इमान्दार र कर्तव्यनिष्ठ व्यवसायीलाई मत दिन आग्रह गरे।

महासचिवका उम्मेदवार ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा. लि.का संचालक महेशकुमार बस्नेतले व्यवसायीलाई पेसा टिकाउने अवस्था निर्माण गर्नु महत्त्वपूर्ण भन्दै वैदेशिक रोजगारलाई सेवा उद्योगका रूपमा विकास गर्न पहल गर्ने प्रतिबद्धता जनाए।

उनले व्यवसाय र व्यवासयी शुद्धीकरण गरी सम्मानित बनाउने, बिनाप्रमाणका उजुरी दर्ता रोक्न संयन्त्र बनाउने, व्यवसायीलाई अनावश्यक दुःख दिनेको पहिचानका लागि ब्ल्याक लिस्ट सफ्टवेयर निर्माण गरेर काम गर्ने प्रतिबद्धता जनाए।

सचिव पदका उम्मेदवार आकृति रिक्रुटिङ प्रा. लि.का संचालक कुन्छा दोर्जे दिम्दोङले व्यवसायीलाई समस्या र आर्थिक भार पार्नेगरी वैदेशिक रोजगार ऐनमा संशोधन गर्न लागिएको अवस्थामा त्यसलाई रोक्न संघको नेतृत्व इमान्दार, बलियो र प्रभावकारी हुनुपर्ने भन्दै उम्मेदवारको पहिचान गरेर मतदान गर्न आग्रह गरे।

कोषायक्षका उम्मेदवार शुभ हारती म्यानपावर प्रा. लि.का संचालक विक्रम श्रेष्ठले विभिन्न स्रोतहरूको खोजी गरी आर्थिक रूपमा संघलाई बलियो बनाउने बताए।

कार्यक्रममा प्यानलका सदस्यका उम्मेदवारहरूले पनि आ-आफ्ना धारणा र प्रतिबद्धता जनाए।

कार्यक्रममा मूल निर्वाचन परिचालन समितिका संयोजक तिलकबहादुर रानाभाट, प्रचारप्रसार समिति संयोजक किरणकिशोर घिमिरे, पूर्वअध्यक्ष यमबहादुर केसी, संघका पूर्वअध्यक्ष हंशराज वाग्ले, एसोसिएसनका अध्यक्ष दीपक थापा, गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्चका अध्यक्ष धनलाल जैशी, वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष प्रतिमा महर्जन, ललितपुर वैदेशिक रोजगार व्यवसायी समाजका अध्यक्ष वरिष्ठ व्यवसायी नवराज केसीलगायतको उपस्थिति थियो।

नेपाल वैदेशिक रोजगार लोकतान्त्रिक एसोसिएसनका कार्यबाहक महासचिव तुलसी पुरीले संचालन गरेको कार्यक्रमको सभापतित्व व्यवसायी यमबहादुर केसीले गरेका थिए।

**गेलाल...**

गेलालसहित पदाधिकारीका उम्मेदवार, पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवर, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी, पूर्वअध्यक्ष विमल ढकाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, सुनकोशी गाउँपालिकाका अध्यक्ष एवं संघका पूर्वकार्यबाहक अध्यक्ष कमल तामाङले सम्बोधन गरे।

अध्यक्षका उम्मेदवार गेलालले संघको भवन आफ्नो लक्ष्य रहेको र हालको कार्यसमितिको अठोटले त्यो काम पूरा भएको भन्दै २ वर्षे अवधिमा संख्या सय समस्याको समाधान, मागपत्र प्रमाणीकरण, श्रम स्वीकृतिमा सहजीकरण जस्ता वर्षौंदेखि थाँती रहेका समस्या समाधानको प्रमुख लक्ष्य लिएर योग्यतम् व्यवसायीको प्यानल बनाएर चुनावी मैदानमा आएकाले विश्वासका साथ सिंगो प्यानललाई मतदान गरेर जिताउन आग्रह गरे।

संघलाई राजनीतिक खिताचानीमुक्त बनाउने र व्यवसायीको रोजीरोटी खोस्न जापान, कोरिया वा मलेसिया जुनसुकै देश र आवरण आउने सिन्डिकेटका विरोधमा आमरण अनशन तहको कठोर अवस्थासम्म पुगेर प्रतिरोध गर्ने प्रतिबद्धता जनाए।

उनले भने, 'सिन्डिकेटमा समर्थन जनाउनु आमाको रगत खानु सरह हो। अघिल्लो पटक महासचिव हुँदा पनि प्रतिरोध गरेको हो, आगामी दिनमा पनि सशक्त प्रतिरोध हुने छ।'

उनले मञ्चले आफू अध्यक्ष हुँदा युरोप भ्रमण गरेर रोजगारीको ढोका खोल्न महत्त्वपूर्ण योगदान गरेको र हाल नेपाली राजदूतावासमा रहेको इच्छा लागेका फाइल आधा घण्टामा गर्ने र इच्छा नलागेकालाई महिनौं झुलाउने परिपाटी अन्त्य गर्न अटोमेसन पद्धतिका लागि दबाब दिने बताए।

प्रथम उपाध्यक्षका उम्मेदवार सुजितकुमार श्रेष्ठले विगतमा यूएई सिन्डिकेट परास्त गरेको र हाल जापान र मलेसियाका नाममा लगाउन खोजिएको सिन्डिकेटलाई पनि परास्त गरिने बताए।

द्वितीय उपाध्यक्षका उम्मेदवार मधुकर रिजालले वैदेशिक रोजगार ऐनभित्रका समस्या चिर्न आफ्नो उम्मेदवारी रहेको बताए। तृतीय उपाध्यक्षका उम्मेदवार बैकुण्ठ पौडेल वैभवले कूटनीतिक नियोगहरूसँग समन्वय गरेर समस्या समाधान गर्न सकिने अनुभवका आधारमा तृतीय उपाध्यक्षको उम्मेदवार बनेको बताए।

महासचिव कर्णराज कटुवालले मागपत्र प्रमाणीकरण, संख्या सय समस्याको समाधान, वैदेशिक रोजगार विभागका समस्याको समाधान, धरौटीबाट व्यवसायीलाई ब्याज दिलाउनेलगायतका सुधारका लागि उम्मेदवार बनेको बताए। सचिवका उम्मेदवार अनिल बोगटीले व्यवसाय व्यवस्थित गरी सिन्डिकेटको विरोध आफ्नो प्रमुख एजेन्डा भएको बताए।

कोषाध्यक्षाकी उम्मेदवार धनु सिँजालीले संघलाई नवीन आर्थिक सोचका साथ अघि बढाउने बताइन्। मेडिकल बिचौलिया अन्त्य गर्ने, आर्थिक रूपमा मीतव्ययी बनेर व्यवसायीलाई कारोबारको मासिक जानकारी गराउनेलगायतका काम गर्ने उनले प्रतिबद्धता जनाइन्।

कार्यसमिति सदस्यका सबै उम्मेदवारले मागपत्र प्रमाणीकरण, संख्या सय समस्याको समाधान, वैदेशिक रोजगार विभागका समस्याको समाधानका विषयमा प्रतिबद्धता व्यक्त गरे।

संघका पूर्वअध्यक्ष ढकालले संचार माध्यममा आफूहरूलाई नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको असन्तुष्ट पक्ष भनेकामा असन्तुष्टि जनाउँदै आफूहरू नेपाली कांग्रेस पार्टीको नीति, उद्देश्य मानेर हिँडेका कारण वास्तविक रूपमा संस्थापन पक्ष आफूहरू भएको बताए। कार्यक्रम मञ्चका उपाध्यक्ष दलवीर भण्डारीको सभापतित्वमा सम्पन्न भएको थियो।

**रहेनन् ...**

रिसाल नेपालमा स्वतन्त्र (सामुदायिक) रेडियो स्थापनामा पनि सक्रिय अभियानी हुन्। 'उज्यालो कर्णाली'का अभियानीसमेत रहेका रिसालले कर्णालीमा बिजुली पुऱ्याउन अभियान नै चलाएका थिए।

विद्यार्थी जीवनबाटै वामपन्थी राजनीतिमा झुकाव राख्ने रिसाल नेपाल मजदुर किसान पार्टीबाट प्रतिनिधिसभाका लागि भक्तपुरबाट उम्मेदवारसमेत बनेका थिए।

उनका 'साधुलाई शूली' तथा श्रीमती सुशीलासँग मिलेर 'सुशीला-भैरव' आत्मकथा प्रकाशित छन्।

# कपिलवस्तुमा शहीद स्मृति प्रतिष्ठानको भवन शिलान्यास

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २४ चैत



कपिलवस्तु नगरपालिका-३ स्थित चौबीस हजार चोकमा निर्माण हुन लागेको शहीद स्मृति प्रतिष्ठानको भवन भव्य समारोहकाबीच शिलान्यास गरिएको छ।

प्रतिष्ठानका अध्यक्ष रुदलाल बनजाडेको अध्यक्षता तथा ८८रविन्द्र कुमार ठाकुर (रवि)८८को सञ्चालनमा सम्पन्न कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सचिव एवं पूर्व कृषि तथा पशुपालन मन्त्री चक्रपाणी खनाल (बलदेव) प्रमुख अतिथि रहेका थिए। कार्यक्रममा कपिलवस्तु नगरप्रमुख सुदीप पौडेल, पूर्वमन्त्री सुस्मा यादव, माओवादी केन्द्रका केन्द्रीय सल्लाहकार एहसान खानलगायतको उपस्थिति रहेको थियो।

शिलान्यासको उद्घाटन पूर्वमन्त्री खनाल र नगरप्रमुख पौडेलले संयुक्त रूपमा गरेका थिए। प्रतिष्ठानका प्रतिनिधि रत्नाकर शुक्लले स्वागत मन्तव्य राख्दै निर्माण हुन लागेको पाँच तले भवनमा अजिगरा धनही घटना, १० वर्षे जनयुद्ध, मधेश आन्दोलनलगायत अधिकारवादी आन्दोलनहरूबारे अनुसन्धानात्मक सामग्री, डकुमेन्ट्री, फोटोसहितको संग्रहालय निर्माण गरिने जानकारी दिए।

साथै शहीदहरूको सम्झनामा शालिक, शहीद परिवारहरूको व्यवस्थापन, तथा राजनीतिक रोजगारी प्रवर्द्धन पनि प्रमुख उद्देश्य रहेको उनले बताए।

प्रमुख अतिथि खनालले यो भवनले इतिहासको संरक्षण र भावी पुस्तालाई सचेत गराउने सशक्त माध्यम बन्ने उल्लेख गर्दै यसको सफल निर्माणमा पूर्ण साथ रहने प्रतिबद्धता व्यक्त गरे।

नगरप्रमुख पौडेलले भवनको निर्माण कार्य शीघ्र सम्पन्न गरी प्रतिष्ठानका उद्देश्य अनुरूप काम अघि बढ्ने विश्वास व्यक्त गरे। अन्त्यमा अध्यक्ष बनजाडेले जग्गा, आर्थिक र भौतिक सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै, प्रतिष्ठानका लक्ष्यहरू प्राप्त गर्न प्रतिबद्ध भएर अघि बढ्ने घोषणा गर्दै कार्यक्रम समापन गरेका थिए।

# उदयपुरमा आगलागीबाट ९९ लाख बराबरको क्षति

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर,२४ चैत

उदयपुरमा आगलागीबाट एक घरसँगै कुखुरा फर्म जलेर नष्ट भएको छ। त्रियुगा नगरपालिका वडा नं १५ गुरूधाम स्थित महाबिर कट्वालको घर तथा घरसँगै रहेको कुखुरा फर्ममा आगलागी भएको हो। आगलागीबाट ९९ लाख बराबरको क्षति भएको छ।

सोमबार बिहान २ बजेतिर कट्वालको २ तले घर र घरसँगै रहेको कुखुरा फर्ममा आगलागी भएको थियो।

आगलागीबाट नगद ६ लाख, ५ तोला सुन, ५ तोला चाँदी, फर्निचरको सामान, काठपात, अन्नपात, भाडावर्तन, लत्ताकपडा, घर र कुखुरा फर्ममा रहेको ५५० वटा कुखुरा समेत जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी प्रमुख एसपी हरिहरनाथ योगीले जानकारी दिए। प्रहरी चौकी साउनेबाट खटिएको प्रहरी टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो। आगलागीबाट कुनै मानविय क्षति भने भएको छैन।

# ‘ऐतिहासिक सम्पदाको संरक्षण गर्नु हाम्रो साझा दायित्व’



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले बहुजाति, बहुभाषा, परपम्परा र संस्कृति रहेको देशका अमूल्य सम्पदाको विकास, संरक्षण र संवर्द्धनमा तीनै तहको सरकारले ध्यान दिनु जरुरी रहेको बताएका छन् । पाटन दरबार क्षेत्रमा पुनःनिर्माण गरिएको श्री देगुतलेजु मन्दिर उद्घाटन तथा शिलापत्र अनावरण समारोहलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले सम्पदा संरक्षणमा नागरिकस्तरको सचेतना, जागरुकता र चासो उत्तिकै आवश्यक रहेको पनि बताए ।

‘भावी सन्ततिका लागि यी अमूल्य सम्पदा हाम्रो समय, इतिहास र पूर्खालाई बुझ्ने महत्वपूर्ण कडी हुन् । देशका यस्ता महत्वपूर्णस्थलको संरक्षण र संवर्द्धन गरी पूर्खाको मेहनत, परिश्रम र चिनोको रुपमा रहेका कैयौँ सम्पदाको संरक्षण हाम्रो साझा दायित्व हो’, राष्ट्रपति पौडेलले भने ।

उनले अनुपम भौगोलिक विविधताको सुन्दर देश नेपालमा प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं प्रकृतिको बरदानका रुपमा कैयौं रमणीयस्थल रहेको उल्लेख गर्दै अनगिन्ति मठमन्दिर, शक्तिपीठ, देवस्थल र तीर्थस्थल नेपालीको सभ्यता, संस्कृति तथा राष्ट्रिय गौरवसँग जोडिएको बताए । राष्ट्रपति पौडेलले ललितपुर महानगरपालिकास्थित विश्व सम्पदा सूचीभित्र पर्ने पाटन दरबार क्षेत्रको यो एउटा बहुमूल्य सम्पदा भएको उल्लेख गर्दै स्वदेशी विदेशीको प्रमुख पर्यटकीय गन्तव्य यहाँका सम्पदाले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाएको बताए । देशभर रहेका हाम्रा ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा नेपाल र नेपालीको शान र पहिचान भएको उनको भनाइ थियो ।

राष्ट्रपति पौडेलले गोरखा भूकम्पमा क्षतिग्रस्त ऐतिहासिक सम्पदाको पूर्ववत्स्वरूप र संरचनामै पुनःनिर्माण तथा जीर्णोद्धार चुनौतीपूर्ण हुँदाहुँदै मन्दिर पुनःनिर्माणले पाएको सार्थकताले यहाँको शोभा र सौन्दर्य बढाएको उल्लेख गरे ।

# बुटवलका सबै वडामा स्वास्थ्य केन्द्र स्थापना



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २४ चैत

बुटवलका सबै वडामा स्वास्थ्य केन्द्र स्थापना भएका छन् । बुटवल- ८ मा आधारभूत स्वास्थ्य केन्द्र उद्घाटन गर्दै बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बुटवलका सबै वडामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गर्ने निर्णय भएअनुसार सेवा सुरु गर्न निर्देशन दिएका थिए ।

उनले बुटवलका वडा नम्बर ५, ६, ८, १०, १३ र १८ गरी ६ वटा स्वास्थ्य केन्द्र सञ्चालन हुने बताए । अरु वडाहरुमा भने यसअघि नै स्वास्थ्य केन्द्रहरु सञ्चालनमा रहेका छन् । योसँगै १० वटा वडामा आधारभूत स्वास्थ्य केन्द्र पुगेका छन् । उनले बुटवल उपमहानगरपालिकाले स्वास्थ्यलाई विशेष प्राथमिकता दिँदै सबै वडामा आधारभूत स्वास्थ्य सेवा, ५ वटा वडामा ल्याबसहितका शहरी स्वास्थ्य केन्द्र, मोतीपुर स्वास्थ्य केन्द्रमा प्रसुति सेवा सञ्चालनमा रहेको बताए ।

उनले छिट्टै नै वडा नम्बर १३ मा फिजियोथेरापी सेवा, १७ मा अक्सिजनसहितको स्वास्थ्य सेवा सञ्चालन हुने बताए । यस्तै २ स्वास्थ्य चौकी र एउटा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालनमा रहेको उनले बताए । उनका अनुसार वडा नम्बर २ को आधारभूत स्वास्थ्य केन्द्रमा ल्याबसहितको सेवा सञ्चालनमा रहेको छ ।

‘जेष्ठ नागरिकको स्वास्थ्य सेवालाई ध्यानमा राखेर बाआमासँग नगरप्रमुख कार्यक्रम अन्तर्गत घरदैलोमा स्वास्थ्य सेवा पुर्‍याउने र गर्भवती महिलाहरुको स्वास्थ्य जाँच, पाठेघर र स्तन क्यान्सर परीक्षण शिविरहरु सञ्चालन गर्ने कार्यक्रम पनि नियमित रहेका छन्,’ उनले भने,‘आम्दा अस्पताललाई पनि थप सुधार गर्दै स्तरीय सेवा दिनका लागि हामी लागिरहेका छौं ।’

वडा तहमा आधारभूत स्वास्थ्य सेवा सञ्चालन गरेपछि वडाबासीलाई सहज हुने वडा नम्बर ८ का अध्यक्ष यज्ञ पंगेनीले बताए । सबै वडाहरुलाई स्तरीय सेवा प्रदान गर्ने गरी स्वास्थ्य केन्द्रहरु सञ्चालन भएको र सबै वडाबाट सहज रुपमा सेवा लिन सकिने स्वास्थ्य शाखा प्रमुख युवराज पाण्डेले बताए । उनले शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र र अन्य सेवाहरुलाई स्तरीय बनाउनका लागि पर्याप्त जनशक्ति खटिएको बताए ।

# सदरमुकाम विवादबारे विकल्प खोज्दै भूमे गाउँपालिका

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २४ चैत





२०७२को संविधान जारी भइ देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएसँगै साविक रुकुम जिल्ला रुकुम पश्चिम र रुकुमपूर्व गरी दुई जिल्लामा विभक्त भयो ।

रुकुमपूर्वले नयाँ जिल्लाको रुपमा पहिचान पायो । २०७४ असोज १९ गते सिस्ने गाउँपालिका ५ र ६ रुकुमकोटमा अस्थायी सदरमुकाम रहने भन्दै जिल्लास्तरमा हुने कार्यालय उद्घाटन गरेर रुकुमकोटबाटै प्रशासनिक सेवा प्रवाह भइरहेको थियो । तर शेरबहादुर देउवा नेतृत्वको सरकारले २०७४ माघ ११ गते जिल्लाको स्थायी सदरमुकाम पुथाउत्तरगंगा गाउँपालिका-१२ गोलखाडामा तोक्ने निर्णय गरेको थियो । सरकारको उक्त निर्णयको विपक्षमा सर्वोच्च अदालतमा रिट दायर भयो । उक्त मुद्दा सर्वोच्च अदालतको संवैधानिक इजलासमा करिब ६ वर्ष विचाराधीन रह्यो ।

२०८० भदौ २७ गते संवैधानिक इजलासले सरकारले गरेको निर्णय बदर गर्दै सदरमुकाम तोक्नको लागि विभिन्न आधार र मापदण्डहरु ब्याख्या गर्दै फैसला गरेको थियो । यही क्रममा जिल्ला समन्वय समिति रुकुमपूर्वको नाममा रहेको जग्गामा एकीकृत सरकारी भवन निर्माण भइरहेको थियो । तर सदरमुकामको टुंगो नलागीसकेको अवस्थामा रुकुमकोटकै अनुकुलतामा पूर्वाधार विकासका कार्यहरु हुँदै गरेको ब्यहोरा जनाउँदै उक्त निर्माण कार्य रोक्न सर्वोच्च अदालतमा अर्को रिट दायर भयो । तत्पश्चात् २०८१ मंसिर १६ गते अदालतले स्थायी सदरमुकाम नतोकिएसम्म निर्माण कार्य रोक्न आदेश दियो ।

हाल जिल्ला सदरमुकाम विवाद अत्यन्तै जटिल बन्दै गइराखेको छ । सदरमुकामको विषयले जिल्लाको मनोविज्ञान विभाजित हुँदै अत्यासलाग्दो परिस्थिति सिर्जना गरीरहेको छ । अर्कोतर्फ जिल्लाको विकास निर्माणका कार्यहरु अलपत्र परेका छन् भने प्रशासनिक काम कारबाही र सेवा प्रर्वाह पनि प्रभावित छ । यस विषयले खडा गरेको अन्यौलपूर्ण स्थिति, अनिर्णित समय र निरन्तर द्वन्द्वको अवस्थामा भूमे गाउँपालिकाले लामो समयको मौनतालाई तोड्दै द्वन्द्व व्यवस्थापनको लागि सदरमुकामको विकल्पको खोजी गर्ने निर्णय गरेको छ ।

आइतबार गाउँपालिकाको सभाहलमा बसेको ११ औं कार्यपालिकाको बैठकमा गाउँपालिकाका प्रवक्ता तथा २ नं. वडाका वडाध्यक्ष नारायण पुन, १ का अध्यक्ष मनकाजी पुन, ३ का अध्यक्ष पर्शुराम बुढामगरले लिखित निवेदन तथा वडा नं. ६ का वडाध्यक्ष बिक्रम पुन र ७ का अध्यक्ष संगम रोकामगरले मौखिक प्रस्ताव गरी सदरमुकामको विषय भूमेली समुदाय र नागरिकको पनि सरोकारका साथै अधिकारको विषय भएकोले भूमे गाउँपालिकाले आफ्नो भूगोलमा सदरमुकाम स्थापना गर्न पहल गर्नुपर्ने विषय राखेका थिए । छलफल पश्चात् प्रस्तावको पक्षमा सर्वसम्मत निर्णय भएको गाउँपालिकाका प्रवक्ता पुनले जानकारी दिए । भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले सदरमुकामको विवादमा द्वन्द्वरत दुई पक्षहरु सिस्ने गाउँपालिका र पुथा उत्तरगंगा गाउँपालिकाको बीचमा मध्यस्थताको भूमिका खेल्दै दुवैको मिलन बिन्दु भूमे गाउँपालिका हुन सक्ने बताए ।

# मोना कतारद्वारा नयाँ वर्षको अवसरमा शुभकामना आदान–प्रदान



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २४ चैत

म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले नयाँ वर्ष २०८२ सालको शुभकामना आदान-प्रदान तथा आन्तरिक वनभोज कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको छ । कतारको समालमा अवस्थित पार्कमा सांगीतिक प्रस्तुतिसहित सम्पन्न कार्यक्रम संघका अध्यक्ष बाबुराम भण्डारीको अध्यक्षता तथा मोना आइइसीका कोषाध्यक्ष नरेन्द्र फगामीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

कार्यक्रममार्फत कतार भ्रमणमा रहेका मोना कतारका संरक्षक रमेश पौडेलका ममतामयी आमा टिका पौडेल र छोरा सुप्रिम पौडेललाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । कार्यक्रममा मोना कतारका संस्थापक अध्यक्ष प्रेम रसाइली, मोना कतार बहुउद्देश्यीय अक्षयकोषका अध्यक्ष विक्रम कार्की लगायत अन्य वक्ताहरूले शुभकामना शुभकामना मन्तव्य राख्दै म्याग्देलीहरुलाइ समेटेर मोनाले आन्तरिक वनभोज मार्फत म्याग्देलिलाइ जोड्ने काम गरेको बताए ।

संयोजक तथा संघका वरिष्ठ उपाध्यक्ष देवी कँडेलले स्वागत मन्तव्य राखेको कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि फगामीले मोना कतारले राम्रो कार्य गर्दै अगाडि बढिरहेको आफूले पाएको हुँदा मोनाका सकारात्मक कार्यमा आफ्नो सदैव साथ रहने प्रतिबद्धता व्यक्त गरे । महासचिव शिव खड्काले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष भण्डारीले भर्खरै निर्वाचित भएर आएको नयाँ कार्यसमितिले पहिलो पटक वनभोज कार्यक्रमको आयोजना गरेको र भविष्यमा म्याग्देलीलाइ जोड्ने अन्य थुप्रै कार्य गर्दै जाने बताए । उनले वनभोज सफल बनाउन आ-आफ्नो स्थानबाट सहयोग गर्नुहुने मोनामा आबद्ध तथा उपस्थिति म्याग्देलीसहित सम्पूर्णलाई धन्यवाद ज्ञापन गरेका थिए ।

# पत्रकार राई ‘क्रियाशील पत्रकारिता पुरस्कार’ बाट सम्मानित

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २४ चैत



नेपाल पत्रकार महासंघ युरोप शाखाका अध्यक्ष केजिन राई ‘क्रियाशील पत्रकारिता पुरस्कार-२०८१’ बाट सम्मानित भएका छन् ।

प्रवासमा रहेर जनपक्षीय पत्रकारितामार्फत् समाज रुपान्तरणमा महत्वपूर्ण योगदान पुर्‍याएको भन्दै राई ‘क्रियाशील पत्रकारिता पुरस्कार-२०८१’ बाट सम्मानित भएका हुन् । पत्रकार राईलाई प्रेस सेन्टर नेपालले नगदसहित पुरस्कृत गरेको हो । उनलाई प्रेस सेन्टर नेपालको पाँचौ राष्ट्रिय महाधिवेशनको अवसरमा पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नगदसहित सम्मान पत्रले सम्मान गरेका हुन् । खोटाङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-३, बाम्राङका राई डेढ दशकदेखि बेल्जियममा रहेर पत्रकारितामा क्रियाशील रहँदै आएका छन् ।

युगध्वनी साप्ताहिकबाट पत्रकारिता सुरु गरेका राईले चोमोलोङ्मा साप्ताहिक, काठमाडौं टुडे, साल्पा मासिक, हिमालय, नेपाल टाइम्स दैनिक, लोकपत्र दैनिक, अपराह्न दैनिक, छानबिन साप्ताहिक, जनमञ्च साप्ताहिक, मध्यान्तर पाक्षिकलगायत विभिन्न पत्रपत्रिकामा आबद्ध भइ काम गरेका थिए । यस्तै खोटाङबाट प्रकाशित हुने मध्यान्तर पाक्षिकमा सल्लाहकार सम्पादक र लेनमुक (दिव्यदृष्टि) पाक्षिकमा सम्पादकको रुपमा समेत काम गरेका थिए ।

VACANCY ANNOUNCEMENT
One of the leading Manpower Agency is looking for the talented and Experienced candidate for the following positions.
Documentation - 2 (Male/Female)
Receptionist - 1 (Female)
Experienced in manpower agencies will be given priority.
Attractive salary for deserving candidates
शल्मानी ओभरसिज प्रा. लि. Gov. Lic. No. 828/066/067
बत्तिसपुतली, काठमाडौं, नेपाल ९८०८२००२७७, ९८०२०५०७६१

# काभ्रे–कोशीपूर्वका २ सडक स्तरोन्नति गरिँदै

**काभ्रेपलाञ्चोक/मस–** काभ्रेपलाञ्चोकको कोशीपूर्वका दुई सडक स्तरोन्नति भइरहेका छन् । अरनिको राजमार्गसँग जोडिएको दोलालघाट-फलाँटे-कोलाँती-पोखरीचौरी-गुराँसे खण्डअन्तर्गत दोलालघाट-फलाँटे-कोलाँती खण्ड र सोही खण्डसँग जोडिएको भुम्लु गाउँपालिकास्थित हबेली-सापिङ-सिम्थली-बेखसिम्ले-वाफल खण्ड स्तरोन्नति भइरहेको हो ।

बागमती प्रदेश सरकारको ग्रामीण सडक सञ्जाल सुधार आयोजना (एएफ) आयोजना कार्यान्वयन इकाई भक्तपुरमार्फत छ दशमलव पाँच किलोमिटर सडक विस्तार भइरहेको आयोजना कार्यालयले जनाएको छ । गत असोजको बाढीपहिरोले करिब एक दशमलव पाँच किमी सडक क्षतिग्रस्त बनाएपछि उक्त क्षेत्रमा नयाँ डिजाइन गर्नुपर्ने आयोजना कार्यालयका कार्यक्रम व्यवस्थापक उषेश श्रेष्ठले जानकारी दिए । नयाँ डिजाइन नहुँदासम्म यो क्षेत्रमा काम गर्ने अवस्था नरहेको उनको भनाइ छ ।

श्रेष्ठका अनुसार विस्तारित सडकमा हाल नाली, टेवा पर्खाल, ग्याबिन निर्माण अन्तिम चरणमा पुगेको छ । आगामी सातादेखि ग्रेडिङको काम गर्नेगरी निर्माण कम्पनीले तयारी गरिरहेको उनले बताए । एसियाली विकास बैंक (एडिबी)को लगानीमा बन्धन-भगवती निर्माण कम्पनीले वि.सं. २०८० चैत १३ गते दुई वर्षमा सम्पन्न गर्नेगरी रु १२ करोडमा ठेक्का लिएको थियो । हालसम्म २५ प्रतिशत आर्थिक प्रगति र ४० प्रतिशत भौतिक प्रगति भएको आयोजना कार्यालयले जनाएको छ ।

कर्मचारी आवश्यकता
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
PRO : 6 (Male/Female)
Requirements:
Minimum 2/3 Years of Experienced in Manpower fields.
Salary : 15,000+ Lunch Provided.
Please send your CV: hr@ssblhr.com
LEAD RECRUITMENT NEPAL PVT. LTD.
Narayan Gopal Chowk, Kathmandu, 01-5924953 | 9851423016

कर्मचारी आवश्यकता
यस कम्पनीका लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।
* डकुमेन्टेसन अफिसर : २ (पुरुष/महिला)
नोटः- श्रम सम्बन्धी ज्ञान भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।
* कार्यालय सहायक : १ (महिला)
* रनर : १ (पुरुष)
नोटः- बाइक लाइसेन्स भएकोलाई विशेष प्राथमिकता दिईनेछ ।
* पिआरओ (PRO): ४/२ (पुरुष/महिला)
नोटः- पिआरओ विशेष गरी साउदी बेस बनाएर काम गरेकोलाई विशेष प्राथमिकता दिईनेछ ।
तलबः आपसी समझदारीमा
WISDOM HUMAN RESOURCE PVT. LTD.
Govt Lic No: 1385/074/075
Ring Road, BL Complex, Samakhusi, Kathmandu, Nepal, GPO Box. No: 2234
Telephone: +977-1-4980095, 4950735, 9801083435, 9841664123
Fax: +977-01-4980095, Email: hrwisdomnepal@gmail.com

Province Government
Ministry of Physical Infrastructure and Development
Urban Development and Building Office
Bagmati Province, Kathmandu

**Invitation For Bids (IFB)**

Date of first publication :- 2081-12-25

1. The Sahari Bikash Tatha Bhawan Karyalaya, Kathmandu invites electronic bids only from duly eligible and qualified registered bidders for the procurement of following works
a) Under NCB Single Stage Single envelope (1st time publication)

| S. N. | Contract Detail | Procurement Types | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amounts (Nrs.) | Bid Document Price (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/KTM/WORKS/NCB/47-81/82 (Tarebhir Chakrapath Sadak Dhalan, Gokarneshwor Municipality - 03, Ktm ) | NCB | 51,37,196.35 | 150,000.00 | 3000.00 |
| 2 | UDBO/KTM/WORKS/NCB/48-81/82 (Construction of Bhadramati River Corridor Nagarjun -5, kathmandu ) | NCB | 96,06,156.33 | 293,000.00 | 3000.00 |
| 3 | UDBO/KTM/WORKS/NCB/49-81/82 (Construction of Ananda Awashiya Yoga Kendra Building, Chandragiri-08) | NCB | 34,27,008.27 | 100,000.00 | 3000.00 |

b) Under NCB Single Stage Single envelope and Sq (Retender).

| S. N. | Contract Detail | Procurement Types | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amounts (Nrs.) | Bid Document Price (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/KTM/WORKS/SQ/19-81/82 (Panchkumari Community Building Assembly Hall Maintenance, K.M.P.- 31) | SQ | 12,84,759.38 | 38,000.00 | 1000.00 |

2. All bidders shall submit their bid electronically only. Electronic bid must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12.00 Noon; on 2082-01-24 for NCB and 2082-01-09 for SQ. Detail electronic bid submission procedure is as e-GP directives of PPMO.
3. Eligible bidders may obtain further information from www.bolpatra.gov.np/eGP or at the office of Sahari Bikash Tatha Bhawan Karyalaya, Kathmandu. Email id: mopid3udboktm75@gmail.com

Office Chief

## सम्पादकीय

# (अ)परिपक्व कूटनीति

प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीबीच बैंककमा भएको गोप्य भेटवार्तालाई सत्तारूढ नेताहरूले महत्त्वका साथ प्रचार गरिरहेका छन् । बिमस्टेकको छैटौं शिखर सम्मेलनका क्रममा प्रधानमन्त्री ओली र मोदीबीच एक होटलमा गोप्य भेटवार्ता भएको थियो । त्यो 'वान टु वान' भेटवार्तालाई नेकपा एमालेका नेताहरूले उपलब्धिका रूपमा प्रचार गरिरहेका छन् । एमाले महासचिव शंकर पोखरेलले त प्रधानमन्त्री ओलीको स्वभावसँग तुलना गरेर यो भेटबारे निष्कर्ष सार्वजनिक गरेका थिए । उनका अनुसार ओलीले दृढ र अविचलित रहेरै पनि सम्बन्ध सुधार गरेका छन् । एमाले पंक्तिमै अहिले त्यो भेटवार्ता उपलब्धिपूर्ण रहेको पुष्टि गर्ने प्रयत्न भइरहेको छ । ओली र भारतीय संस्थापनको विगत हेर्दा त्यो भेटवार्ता चासोपूर्ण पनि छ ।

तर, जसरी प्रचार भइरहेको छ, त्यसको पुष्टिचाहिँ हुन बाँकी छ । पहिलो पुष्टि प्रधानमन्त्री ओलीको भारत भ्रमणमा देखिने छ । प्रधानमन्त्री बनेको १ वर्ष नजिक पुग्दै गर्दा पनि ओलीलाई भारतले भ्रमणको निम्तो दिएको छैन । भारतीय प्रधानमन्त्री मोदी पनि नेपाल आएका छैनन् । सगरमाथा संवादमै पनि मोदी नेपाल नआउने निश्चित भएको छ । बैंककबाट फर्कने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँगै प्रधानमन्त्री ओलीले सगरमाथा संवादमा मोदी नआउने जानकारी दिएका हुन् । भ्रमणबाहेक वर्षौंदेखि थाँती रहेका कामहरू अगाडि बढे भने त्यो गोप्य भेटवार्ता सफल रहेको ठानिने छ । तर, परिणाम देखिएन भने दाबीले मात्र ओली र मोदीको भेटवार्ता प्रचार गरिएको तहमा उपलब्धिपूर्ण भएको मान्न सकिँदैन ।

यसको अर्थ त्यो भेटवार्ताको सकारात्मक पक्षको विश्लेषणमा कञ्जुस्याइँ गरिनु हुन्न । कूटनीतिमा कार्यकारी प्रमुखहरूबीच हुने भेटवार्ताको आफैंमा महत्त्व हुन्छ । अझ भारत र चीनसँग नेपालको सम्बन्ध विशेष छ । भारतसँग अझ विशेष छ किनकि भारतसँग नेपालको सम्बन्ध सीमा मात्र नभएर संस्कृतिसँग पनि जोडिएको छ । त्यसैले, भारतसँगको कूटनीतिक छिमेक सम्बन्धलाई लोकप्रियताको राजनीति बनाइनु हुन्न । कूटनीतिलाई ब्यापार अथवा सस्तो लोकप्रियताको विषय बनाइँदा ती देशहरूले खोप्नुपरेको संकट छिपेको छैन । यसको अर्थ देशहितको कुरा नगर्ने भन्ने होइन, तर सँगै राजनीतीकरणको अस्त्र पनि बनाइनु हुन्न । कूटनीतिक संवेदनशीलतालाई ख्याल गरेर भेटवार्ता र संवादहरूलाई अगाडि बढाइनुपर्छ ।

# सहकारीको अस्तित्वप्रति चिन्ता

*सहकारी संस्थाको नियमनमा कडाइ गर्न सक्नुपर्छ । सहकारी संस्थाको आन्तरिक लोकतन्त्र र प्रजातन्त्रलाई सुदृढ पार्दै लैजानुपर्छ । ग्रामीण तथा स्थानीय स्तरमा जनसमुदायलाई संगठित गरी उनीहरूको आर्थिक-सामाजिक रुपान्तरण गर्न सक्नुपर्छ...*

अग्रलेख



● झलक शर्मा

समृद्धिको फड्को मार्न स्थापना भएका सहकारी संस्थाहरू आजभोलि प्रायः समस्याग्रस्त अवस्थामा छन् । स्थानीय पुँजी, सीपलाई उपयोग गरी सामूहिक लक्ष्य प्राप्तिसँगै वित्तीय सेवा उपलब्ध गराउन सहकारी संस्थाहरू तल्लीन हुन्छन् । यसले उद्यमशीलता प्रवर्द्धनसँगै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्छ ।

साना पुँजीको संकलन र त्यसको परिचालन गरी देशको अर्थतन्त्र उकास्न सहकारी संस्थाको विशेष भूमिका रहेको हुन्छ । तर, आजभोलि प्रायः सहकारी संस्थाहरूले बचत अपचलन गरी निक्षेपकर्ताहरूको रकम, ब्याज फिर्ता गर्न नसकेको अवस्था छ ।

आजभोलि सहकारीमा रकम जम्मा गर्नेको संख्या घट्दो पनि छ । कुनै एक सहकारी संस्थाका संचालकको बदमासीका कारण अन्य सहकारीको आर्थिक कारोबारमा प्रत्यक्ष असर पारेको छ । प्रायः सबै सहकारी उस्तै हुन् भन्ने मानसिकता समुदायमा पर्न गएको छ । आजभोलि सहकारीको साख गिर्दो छ ।

सहकारीप्रतिको विश्वसनीयता समाजमा निकै घटिसकेको अवस्थामा हामी छौं । विगतका केही वर्षहरूमा समुदायमा सहकारी संस्थाहरू च्याउसरि स्थापना भएका थिए । समाजमा सहकारी संस्थाको संचालक, शेयर सदस्य बन्नु प्रतिष्ठाको विषय पनि थियो । तर, अहिले सहकारीमा आबद्ध छु भन्न संचालक समितिलाई अप्ठ्यारो परिरहेको छ ।

सहकारी संस्थाका संचालक र त्यसमा कार्यरत कर्मचारीहरूलाई ठगको संज्ञा दिन थालिएको छ । त्यस्तै, कर्मचारीहरू बलिको बोको बन्ने गरेका पनि देख्न सकिन्छ । सहकारी संस्थाहरू डुब्ने, टाट पल्टिने समस्या पर्नु राज्यको चिन्ताको विषय बनेको छ ।

आर्थिक वर्ष २०८०/०८१ को आर्थिक सर्वेक्षणअनुसार सहकारी संस्थाको शेयर पुँजी ९४ अर्ब ७२ करोड पुगेको छ भने ४ खर्ब ७८ अर्ब ११ करोड बचत परिचालन भई ४ खर्ब ५ अर्ब ३ करोड कर्जा प्रवाह भएको देखिन्छ ।

त्यस्तै, सहकारी क्षेत्रमा ९४ हजार २ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । यो तथ्यांकलाई अध्ययन गर्दा सहकारीले नेपाली समाजमा महत्त्वपूर्ण योगदान पुर्‍याएकै देख्न सकिन्छ । गएको २० चैतमा 'मर्यादित सहकारी: समुन्नत समाज' भन्ने मूल नाराका साथ ६८औं राष्ट्रिय सहकारी दिवस मनाइयो । उक्त दिवसले आर्थिक-सामाजिक विकासका लागि दरिलो खम्बाको रूपमा प्रस्तुत हुन सहकारी संस्थाहरूलाई सन्देश दिएको छ ।

सहकारी संस्थाहरू डुब्ने कारणहरू धेरै छन्, त्यसबारे राज्यले गहन चिन्तन गर्नुपर्ने अवस्था आएको छ । सहकारी संस्थाका शेयर सदस्य एवं सर्वसाधारणलाई प्रवाह गर्ने ऋण समयमा नै असुल गर्न नसक्दा सहकारी संस्थाको वित्तीय अवस्था खराब बन्ने हो । संचालक समितिका पदाधिकारी स्वयंले ऋण लगी नतिर्ने परिपाटी सहकारी संस्थामा छ ।

ऋण प्राप्तकर्ताले संचालक तथा कर्मचारीहरूलाई आर्थिक प्रलोभनमा पारेर ऋण नै प्रवाह गर्न नसकिने अवस्थामा पनि ऋण प्रवाह गर्ने गरेको देखिएको छ । नातेदार वा नजिकका मान्छेहरूलाई ऋण दिँदा त्यसको ताकेता र असुलीमा ढिलासुस्ती हुने गरेको पाइन्छ ।

ऋणीले ऋण नतिर्दा हुने कानुनी कारबाही पनि फितलो हुँदा ऋण नतिर्ने र उल्टै संचालक समिति, कर्मचारीलाई थर्काउने गरेको देखिन्छ । यस्तै, क्रियाकलापले गर्दा सहकारीको अस्तित्व धरापमा पर्न गएको हो ।

सहकारी ऐन, २०७४ अनुसार एकै प्रकृतिका १ भन्दा बढी संस्थाको सदस्यता हुन पाइँदैन । तर, नेपालमा आफूलाई चाहिएको बखत ऋण प्राप्त गर्ने अभिलाषाले धेरैवटा सहकारी संस्थामा सदस्य बन्ने प्रवृत्ति हुँदै आएको छ । यस्तो दोहोरो सदस्यता हटाउन सहकारी अभियन्तालाई कठिनाइ देखिन्छ ।

त्यस्तै, सोही ऐनले निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा





*अहिले सहकारी संस्थाहरूलाई सहकारीको सिद्धान्त, नीति, नियम र मापदण्डमा संचालन गर्नु, सर्वसाधारण नागरिकको बचत जोखिममा पर्ने अवस्थाको अन्त्य गर्नुका साथै सहकारीको कर्जा उत्पादनशील क्षेत्रमा लगानी गर्नु प्रमुख चुनौतीको विषय बनेको छ...*

संचालक संलग्न हुन नहुने व्यवस्था गरेको छ । यद्यपि, ऐनले सो कुरा उल्लेख गरे पनि निजी स्वार्थमा संचालक हाबी बनेको र ऐन कानुनलाई बेवास्ता गरेको प्रत्यक्ष अनुभूत गराउँछ ।

अनुमतिबेगर सहकारीको कार्यक्षेत्र विस्तार गर्ने र त्यसैबमोजिम कारोबार गर्दा जोखिम बढ्ने गरेको छ । कतिपय सहकारी एवं वित्तीय संस्थाहरूले बढी ब्याज दिने प्रलोभन देखाई रकम जम्मा गर्न लगाउने प्रवृत्तिले पनि सर्वसाधारणहरूलाई झुक्याइरहेको पाइन्छ ।

सहकारी संस्थाको वित्तीय अवस्था सबल बनाउन सहकारी संस्थाको चुक्ता पुँजी कति छ ? कुल निक्षेप दायित्वको अनिवार्य मौज्दात कति छ भन्ने अनिवार्य नगद अनुपातको विश्लेषण गर्नुपर्छ । खराब वा भाका नाघेको ऋण कति छ त्यसबारे यथार्थ जानकारी हुनु आवश्यक छ । ऋणीले राख्न खोजेको धितोको यथार्थ मूल्यांकन भएको छ वा छैन त्यसबारे बुझ्नु आवश्यक छ ।

असल ऋणीको खोजी गर्ने र खराब ऋणीबाट ऋण असुल गर्न विशेषज्ञबाट परामर्श लिनुपर्छ । सहकारी गतिविधिलाई विश्वसनीय र पारदर्शी तुल्याउन एवं एकीकृत तथ्यांकको व्यवस्थापन गर्न सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली (कोपोमिस)को अनिवार्य रूपमा प्रविष्ट एवं अद्यावधिक गर्न अनिवार्य बनाउनुपर्छ । यस कोपोमिसले सहकारीको समष्टिगत नियमन गर्न सहजता ल्याउँछ । यसलाई आ.व. २०७४/०७५ मा नेपाल सरकारले पूर्ण रूपमा कार्यान्वयन गर्न सहकारी डिभिजन कार्यालयहरूलाई सर्कुलर गरेको थियो ।

अहिले सहकारी संस्थाहरूलाई सहकारीको सिद्धान्त, नीति, नियम र मापदण्डमा संचालन गर्नु, सर्वसाधारण नागरिकको बचत जोखिममा पर्ने अवस्थाको अन्त्य गर्नुका साथै सहकारीको कर्जा उत्पादनशील क्षेत्रमा लगानी गर्नु प्रमुख चुनौतीको विषय बनेको छ ।

सहकारीको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी बचत परिचालन गरी स्वदेशी लगानी अभिवृद्धि गर्नुपर्छ । अनावश्यक उपभोग खर्चलाई निरुत्साहित गर्न शेयर सदस्य तथा आमजनसमुदायलाई बचत गर्ने बानीको विकास गर्नु जरुरी छ ।

सहकारी संस्थाको वित्तीय कारोबारको जोखिम न्यूनीकरण गर्न कर्जा सूचना केन्द्रको स्थापना गर्नुपर्छ । सहकारी संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाका नाघेको ऋणको साँवा-ब्याज फिर्ता नगर्नेको नामसहित कालोसूचीमा प्रकाशन गर्ने कार्यमा ढिलाइ गर्नु हुँदैन ।

बचत तथा कर्जा सुरक्षण कोष तथा स्थिरीकरण कोषको व्यवस्था एवं संचालन गरी नागरिकको बचत रकम माग गरेको बखत तत्कालै उपलब्ध गराउने व्यवस्थालाई अनिवार्य बनाउनुपर्छ ।

२ वा २ भन्दा बढी सहकारी संस्थाहरू एकआपसमा गाभी एकीकरण गर्ने र त्यस्ता सहकारीको वित्तीय र संस्थागत क्षमता अभिवृद्धि गर्न राज्यले कुनै ठोस नीति अपनाउनुपर्ने हुन्छ ।

सहकारीको आन्तरिक लेखापरीक्षण सुदृढीकरण एवं प्रमाणीकरण गर्ने, सहकारी संचालनमा व्यवस्थापकीय सीप एवं दक्षताको प्रयोग गर्नु जरुरी छ । वित्तीय साक्षरता आमनागरिकमाझ पुर्‍याई सहकारी, बैंकिङ सेवाका बारेमा जानकारी गराउनु आवश्यक छ ।

राष्ट्रिय सहकारी नीति, २०६९ र सहकारी ऐन, २०७४ लाई प्रभावकारी कार्यान्वयन गर्ने, वित्तीय साक्षरता, सहकारी शिक्षा र चेतना प्रवाह गर्ने, सहकारीले गर्ने वित्तीय कारोबारलाई व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउने हो भने सहकारी संस्थाप्रति जनमानसको विश्वास बढ्ने कुरामा ढुक्क हुन सकिन्छ ।

सहकारिताका माध्यमबाट उत्पादन बढाउने तथा गरिबी निवारणको लक्ष्य हासिल गर्नका लागि सहकारी संस्थाको नियमनमा कडाइ गर्न सक्नुपर्छ । सहकारी संस्थाको आन्तरिक लोकतन्त्र र प्रजातन्त्रलाई सुदृढ पार्दै लैजानुपर्छ । ग्रामीण तथा स्थानीय स्तरमा जनसमुदायलाई संगठित गरी उनीहरूको आर्थिक सामाजिक रूपान्तरण गर्न सक्नुपर्छ । समुदायको आवश्यकतालाई मध्यनजर गरी सहकारी संस्था स्थापना गर्नुपर्छ ।

वर्तमान समयमा सहकारी संस्थाको आजको आवश्यकता, आमनागरिकको अपेक्षा तथा यसको सम्भावनाको तुलनामा यसको उपलब्धि समग्रमा न्यून देखिएको छ । तसर्थ, सहकारी संस्थाको मूल्य-मान्यता, सिद्धान्त र मर्मलाई आत्मसात् गर्दै नयाँ दिशा र गति प्रदान गरी मुलुकलाई समृद्धितर्फ लम्काउन आवश्यक छ ।

## इतिहासमा आज

७ अप्रिल १३४८ मा चार्ल्स चतुर्थले मध्य युरोपमा प्राग विश्वविद्यालय नामक पहिलो विश्वविद्यालय स्थापना गरेका थिए ।



७ अप्रिल १५०९ मा फ्रान्सले भेनिसविरुद्ध युद्धको घोषणा गरेको थियो ।



७ अप्रिल १६४५ मा माइकल कार्डोजो ब्राजिलमा पहिलो यहुदी वकिल बनेका थिए ।



७ अप्रिल १७९५ मा फ्रान्सले लम्बाइको आधार भूत मापनको रूपमा मिटरलाई अपनाउने निर्णय गरेको थियो ।





# सहकारिताको मर्म

विचार



● लोकनारायण सुवेदी

*सहकारीको सुरुवात गर्दा शोषित, पीडित समाजप्रति जुन समर्पण, सतत् निष्ठा र इमानदारीको प्रदर्शन गरेका थिए र गर्नुपर्ने महत्त्वपूर्ण सन्देश दिएका थिए, त्यसको अनुसरण गरिनै पर्छ । यसको उद्देश्य मानवको शोषण विलकुलै होइन...*

सहकारीको पक्ष र विपक्षमा नेपालमा पनि चर्कै बहस चल्न थालेको छ । कुनै संस्था, अभियान र आन्दोलनको आवश्यकता समाज सापेक्ष कुरा हो । कसैको मनोगत चाहना र महत्त्वाकांक्षाले मात्र यस्ता कुराको प्रादुर्भाव र विकास हुन सक्दैन ।

वास्तवमा, सामाजिक आवश्यकताले यस्ता संस्था, अभियान र आन्दोलनहरू विकसित हुन्छन् र सामाजिक हितमा काम गरुन्जेल ती कायम रहन्छन्, अन्यथा, विचलित बनेर गलत दिशामा भड्किन्छन् या सन्दर्भहीन भएर सकिन्छन् । सहकारीको सन्दर्भमा पनि यही दुनियाँको नियम हो र नेपाल पनि यस कुराबाट कदापि अपवाद रहन सक्दैन ।

नेपालको आधुनिक सहकारी अभियान नेपालको प्रजातन्त्रीकरणसँगै चल्न सुरु गरेको हो । प्रजातान्त्रिक आन्दोलनले सही बाटोमा साकार र सबल रूप लिँदा सहकारी पनि संगठित हुन र फैलिन थाल्यो भने प्रजातान्त्रिक हक अधिकारमा तलमाथि हुँदा सहकारी अभियानमा पनि कुण्ठित र कमजोर अवस्थाबाट गुज्रन बाध्य भएको हाम्रो देशको इतिहास छ ।

२००७ सालपछि संस्थागत रूपमा संगठित हुन थालेको सहकारी अभियान २०१७ सालको प्रतिगामी शाही कदमपछि संरचनागत रूपमा उपस्थित रहे पनि क्रियात्मक रूपमा कमजोर भएर गयो । तर, २०४६ सालमा सामन्ती अधिनायकवादी पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि यो अभियानले पुनः विस्तार र विकास हुने वातावरण पायो ।

आज हजारौं सहकारी संस्थाहरू खडा हुनु र त्यस अभियानमा लाखौं मानिसहरू संगठित र सक्रिय हुनुले यो कुराको पुष्टि गर्छ । तर, अझै पनि सहरकारीले यसको मूल मर्म र मान्यताअनुरूप काम गर्न सकेको/जनसाधारणको हित गरेको छ भनेर सन्तुष्ट र ढुक्क हुन सक्ने स्थिति भने बनिसकेको छैन ।

अझ अहिले त केही वर्चस्वशाली बने/बनाइएका सहकारीहरूले जनताको बचत अपचलन गरेर ठगेको हुँदा यो एउटा ठगी अभियानको कलंक जस्तो बनेको छ । यो वर्तमानको एकदमै कटु यथार्थ हो ।

त्यसैले, आज नेपालमा हजारौं हजार सहकारी संघसंस्थाहरू फैलिएका देखिए पनि कुनै कतैका केही अपवादलाई छाडेर आमरूपमा यसको गुणात्मक विकास भने अझै पनि राम्रोसँग हुन सकेको छैन ।

समाज र आफ्ना सदस्यप्रतिको सार्थक उत्तरदायित्व, भूमिका र योगदानको जुन अपेक्षा सहकारीबाट गरिन्छ र हुनुपर्ने हो, त्यो उल्लेख्य रूपमा अझै पूरा हुन सकिरहेको छैन ।

२८ मजदुरहरूले सन् १८४४ मा सहकारीको सुरुवात गर्दा शोषित, पीडित समाजप्रति जुन समर्पण, सतत् निष्ठा र इमानदारीको प्रदर्शन गरेका थिए र गर्नुपर्ने महत्त्वपूर्ण सन्देश दिएका थिए, त्यसको अनुसरण गरिनै पर्छ । यसको उद्देश्य मानवको शोषण विलकुलै होइन ।

तर, वास्तवमा आजको सहकारी आन्दोलन या अभियानको मूलभूत समस्या नै यही हो, जसले गर्दा सहकारीका नाममा सहभागी शेयर सदस्यहरूलाई नै ठगिने गरेको र उनीहरू शोषणमा पर्ने गरेका घटनाहरू बरोबर दोहोरिने गर्दै आएका छन् ।

यसबाट सहरकारीहरू सही ढंगले यसका मूल्य, मान्यता, पद्धति र सही परम्पराअनुरूप सामयिक किसिमले चलेका छैनन् भन्ने कुरा प्रस्ट छ । तिनको अनुगमन गर्ने निकायले पनि सही र प्रभाकारी अनुगमन गर्न सकिरहेका छैनन् र यो अभियानभित्र विकृति र विसंगतिहरूले नराम्रोसँग गुँड लगाएका छन् भन्ने निष्कर्ष नै फेरि पनि निस्कन्छ र निरन्तर निस्कँदै आएको छ । यसले सम्बद्ध सरकारी निकाय र सहकारी संचालकबीचमा उचित र आवश्यक तालमेल हुन नसकेको प्रस्टै देखिन्छ भने कतिपयको नियत नै गलत रहेको पनि प्रस्ट हुन्छ ।

अतः यससम्बन्धी आवश्यक तथा समय सापेक्ष सही र ठोस राष्ट्रिय नीतिको अझै अभाव छ । यो अभावको सही ढंगले परिपूर्ति हुनुपर्छ भन्ने कुराको यस स्थितिले जोडदार माग गर्छ ।

यसका लागि सरकार र सहकारी अभियन्ता दुवैको सकारात्मक कदम र तदनुरूपको सार्थक र प्रभावकारी तत्परताको अति नै आवश्यकता छ । यसरी मात्र सहकारीको अभियानले समय सापेक्ष र अग्रगामी भूमिका खेल्न सक्छ ।

## सामाजिक सञ्जाल



सूर्यराज आचार्य

निरंकुश शासकको निरंकुशताभन्दा लोकतान्त्रिक व्यवस्थाका शासकहरूको निरंकुशता समाज र लोकतन्त्रका लागि झनै खतरनाक र घातक हुन्छ । शासनमा अपनाइने लोकतान्त्रिक अभ्यासले लोकतन्त्रलाई स्वनियमन गर्छ, जसले गर्दा लोकतन्त्र दिगो र 'ज्याद्रो' बन्छ । अहंकार र आवेग हैन, विवेक प्रयोग गरौं ।

राजनीति, राज्य संचालन र राष्ट्र निर्माण एक गम्भीर वस्तुपरक सोच, कला र कर्म हो । खै किन हो- नेपाली समाज निरन्तर सतहीपन, हल्ला, उत्तेजना र पूर्वाग्रहको सिकार छ, यो छिट्टै अन्त्य हुने सम्भावना देखिन्नँ । एउटा युग यसरी नै खेर जान सक्छ ।



डम्बर खतिवडा



राधाकृष्ण कटवाल

अवस्था बदल्न नेता बदलौं । भ्रष्ट नेताबाट देश बचाउन कानुन बदलौं । 'गणतन्त्र र राजतन्त्र'वादीलाई तह लगाउन राष्ट्रवादी बनौं । देश अवश्य बन्छ, 'संघीयता र समानुपातिक' व्यवस्था हटाऔं । भ्रष्टहरूको सम्पत्ति राष्ट्रियकरण गरौं, उद्योगधन्दा खोली स्वदेशमै रोजगारीको व्यवस्था गरौं ।

सयौं क्यामेराको अघि भड्काउ भाषण गरेर हिंसा फैलाउनेलाई पक्राउ गर्दा मानवअधिकार हनन भयो भन्छन् एकथरि चम्चा । सहकारी ठगी प्रकरणमा अदालतले पक्राउ गरेर थुनामा राख्ने आदेश दिँदा राज्य आतंक देख्छन् अर्कोथरि चम्चा । बौद्धिकता दासत्वमा परिणत भएपछि चम्चा भइन्छ ।



निर्मल प्रसाई

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# भिजन लुम्बिनी उर्जा कम्पनीलाई अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह प्रदान

**काठमाडौं/मस–** भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेडले अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह र प्रमाणपत्र प्राप्त गरेको छ। अन्तर ष्ट्रिय मापदण्डहरु पुरा गरेकाले कम्पनीले आइएसओ ९००१-२०१५ प्राप्त गरेको हो।

बेलायतमा रहेको स्टानचुली म्यानेजमेन्ट एण्ड सर्भिसेजको वोर्डले भिजन लुम्बिनीको आर्थिक, प्रशासनिक, कार्यसम्पादन, परियाजनाको विकास तथा डिजाइन, निर्माण लगायतको मूल्यांकन गरेर प्रमाणपत्र प्रदान गरेको कम्पनीका कार्यकारी निर्देशक जगत पोखरेलले जानकारी दिए।

काठमाडौंको बुद्धनगरस्थित बुटवल पावर कम्पनीको भवनमा कार्यालय रहेको भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेडले प्रमाणपत्र ग्रहणका लागि आइतबार आयोजना गरेको कार्यक्रममा उनले कम्पनी सञ्चालनमा विश्वस्तरको मूल्य मान्यता र मापदण्डहरु पालना गर्न भिजन लुम्बिनी प्रतिबद्ध रहेको बताए। धेरै जनाको लगानी रहेको कम्पनी भएकाले



पनि यस कम्पनीले पारदर्शीता र सुशासनलाई केन्द्रमा राखेको उनको भनाइ छ।

कार्यक्रममा स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था(इपान)का अध्यक्ष गणेश कार्कीले भिजन लुम्बिनी उर्जा कम्पनीले झैं सबै उर्जा कम्पनीहरुले यस्तो प्रमाणपत्र लिनुपर्नेमा जोड दिए। उर्जा कम्पनीहरुले अन्तर्राष्ट्रिय मापदण्ड पालना गर्ने प्रवृत्तिको विकास गरियो भने उर्जा क्षेत्रमा देखिएको आशंका र आलोचनाहरुलाई न्यूनिकरण गर्न सहयोग गर्ने उनको भनाइ छ।

कार्यक्रममा अतिथिको रुपमा सहभागी भएका प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्ने गरी पहिलेदेखि नै काम गर्दै आइरहेको भिजन लुम्बिनीले अहिले प्रमाणपत्र पाएर त्यसलाई पुष्टि गरेको बताए। उनले अन्तर्राष्टिय गुणस्तर चिन्ह र प्रमाणपत्र पाएपछि भिजन लुम्बिनीमा गरिएको लगानी दुरुपयोग हुँदैन भन्ने सुनिश्चिता भएको उल्लेख गरे।

देशमा विश्वसनीय, पारदर्शी र अन्तर्राष्ट्रिस्तरमा काम गर्ने कम्पनीहरु पनि छन् भन्ने सन्देश दिन भिजन लुम्बिनी सक्षम भएको उनले धारणा राखे।

नेपालमा भिजन लुम्बिनी जस्ता व्यवस्थीत र पारदर्शी कम्पनीहरु पनि धेरै छन् भन्ने सन्देश दिएर नेपाली सञ्चार माध्यमहरुले व्यवसायीक विषयलाई प्राथमिकतामा राख्नुपर्नेमा उनले जोड दिए।

कार्यक्रममा प्रमाणपत्र प्रदान गर्नका लागि मूल्यांकनको जिम्मेवारी लिएको संस्थाका प्रतिनिधि सन्तोष गिरीले तीन महिनासम्म कम्पनीको सर्वपक्षीय मूल्यांकन गरेर मात्रै अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह र प्रमाणपत्र प्रदान गरिएको जानकारी दिए।

भिजन लुम्बिनी उर्जा कम्पनी सेतीखोला जलविद्युत् परियोजना सम्पन्न गर्दा अन्य परियोजनाको तुलनामा निकै छिटो काम सम्पन्न गरेको, मितव्ययी र पारदर्शी भएको, सामान्य नागरिकलाई पनि विद्युत् परियोजनाको मालिक बनाएको, कुनै विवाद र अवरोध विना काम सम्पन्न गरेको लगायतका विषेशता भएको कम्पनीको रुपमा चिनिँदै आएको परियोजनाका प्रमुख व्यवस्थापक कुसल क्षेत्रीले जानकारी दिए।

कार्यक्रममा विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक उत्तरकुमार श्रेष्ठ, पूर्व निर्देशक गणेश श्रेष्ठ, पत्रकार जीवन भण्डारी लगायतले अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह र प्रमाणपत्र प्राप्त गरेकोमा बधाइ दिएका थिए।

# प्रवासी नेपाली मञ्चको तेस्रो बैठक सम्पन्न, अध्यक्षमा मोक्तान चयन

**साउदी अरेबिया/मस–** प्रवासी नेपाली मञ्च राष्ट्रिय कमिटीको तेस्रो पूर्ण बैठक साउदी अरेबियाको पूर्वी क्षेत्रमा सफलतापूर्वक सम्पन्न भएको छ। प्रवासी नेपाली मञ्च महादेशीय मध्यपूर्व कमिटीका तर्फबाट आमन्त्रित याम बोम्जन लामाको प्रमुख आतिथ्यतामा बैठक सम्पन्न भएको हो। बैठकले राष्ट्रिय कमिटी सचिवालयबाट भएका विभिन्न निर्णयहरूलाई सर्वसम्मतिले अनुमोदन गरेको छ। यसैगरी, बैठकले ऋषिराम भट्टराईलाई राष्ट्रिय कमिटीको उपाध्यक्ष तथा पूर्वी क्षेत्रको इन्चार्जमा नियुक्त गरेको छ।



साथै, पूर्वी क्षेत्रीय कमिटीको दोस्रो कार्यकालका लागि लालबहादुर मोक्तानको अध्यक्षतामा २५ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको छ।

समितिको उपाध्यक्षमा सुमन तामाङ, सचिवमा अर्जुन सिलवाल, सह-सचिवमा जय प्रसाद खत्री र कोषाध्यक्षमा कृष्ण बहादुर परियार चयन भएका छन्।

यस्तै सदस्यहरूमा खगेन्द्र विश्वकर्मा, अमृत सुनार, चोभाकान्त न्यौपाने, सुरेन्द्र सुनार, अमृत परियार, प्रदीप सुनार, सुमन नेपाली, नविन सुनार, जितमान गुरुङ, रामबहादुर विश्वकर्मा, शिवजी राम चयन भएका छन्। यस्तै सदस्यहरुमा याकुव मिया, पदम बहादुर थापा, विशाल घिमिरे, अमीत राई, दिनेश घिमीरे, जसबहादुर तामाङ, धनबहादुर तामाङ, राजु लामा र अनिता लामा चयन भएका छन्।

कार्यक्रममा प्रमुख अतिथि लामाले नवनियुक्त उपाध्यक्ष तथा पूर्वी इन्चार्ज ऋषिराम भट्टराई, अध्यक्ष लाल बहादुर मोक्तान, सचिव अर्जुन सिलवाललगायत सम्पूर्ण क्षेत्रीय कमिटीका पदाधिकारी तथा सदस्यहरूलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना दिए।

Government Of Nepal
**Dhulikhel Municipality**
**Office of the Municipal Executive**
Dhulikhel, Kavrepalanchok

## Notice Of Financial Bids Opening

***Date of Published: 7-April-2025***

With reference to the tender notice published in National Daily for the aforesaid contract, it is for the notification to all bidders that as per the decision made on 4 April, 2025 the following bidders have been evaluated to be Responsive/ Non-Responsive. The price bid of all responsive bidders will be opened on 15 April, 2025 at 13:30 Hrs From PPMO e-GP system www.bolpatra.gov.np/egp at Dhulikhel Municipality Office, Dhulikhel in the presence of bidders representatives who choose to attend.

| Contract Identification No. | Name of Project | Bidder's Name | Responsive/ Non- Responsive |
|---|---|---|---|
| DMO/NCB/1S2E/ WORKS/2081/82/05 | Rehabilitation of Dhulikhel Drinking Water Project. | RS Consulting Engineers & Builders (P) Ltd., Baluwatar-4, Kathmandu | Responsive |
| | | R.K. - KTM JV, Madhyapur Thimi, Bhaktapur | Responsive |
| | | Bijay / Narayansthan / Hyulla- JV, Kavre | Responsive |

**- Chief Administrative Officer**

Bagmati Province Government
Ministry of Water Supply, Energy and Irrigation
**Water Resources and Irrigation Development Division Office**
Dhulikhel, Kavre

## Invitation for Online Bids

***Date of Published: 2081-12-25 (2025-04-07)***

1. Water Resources & Irrigation Development Division Office, Dhulikhel, Kavre invites electronic bids from Nepalese eligible bidders for different works as described in table below.
2. Eligible bidders may obtain further information and inspect the bidding documents at the office of Water Resources & Irrigation Development Division Office, Dhulikhel Tel: 011-490461; Email: iddkavre@gmail.com, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder needs to submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

| S.N. | Contract No. | Name of the Project/ Work Description | Estimated Amount | Bid Security 2.5 %, NRs | Cost of bidding document NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | BGIP/NCB/ WRIDDKAVRE/ 01/2081-82 | Construction of Intake, canal and canal structures in Bangthali Ghyangkhola Pipalbot Irrigation Project, Chaurideurali RM-1, Kavre | 69,51,912.38 | 1,95,000.00 | 3000.00 | NCB (Single Stage) |
| 2. | BBIP/NCB/ WRIDDKAVRE/ 02/2081-82 | Construction of Intake, Pipeline, Reservoir tanks, distribution chambers and other associated structures, Khanikhola RM-3, Kavre | 88,45,706.86 | 2,55,000.00 | 3000.00 | NCB (Single Stage) |

**- Division Chief**

# गौरमा हर्षोल्लासका साथ मनाइयो रामनवमी पर्व

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ चैत

रौतहट गौरमा हर्षोल्लासका साथ रामनवमी पर्व मनाइएको छ। हजारौं संख्यामा उपस्थित भक्तजनहरुले हर्षोल्लासका साथ नगरपरिक्रमा गर्दै पर्व मनाइएको हो।

हाल भारतको उत्तर प्रदेशस्थित अयोध्यामा त्रेतायुगका राजा दशरथ र महारानी कौसल्या देवीको जेष्ठ सुपुत्रका रुपमा भगवान विष्णुको सातौं अवतारको रुपमा रामचन्द्रको जन्म चैत्र शुक्ल नवमी तिथिकै दिन भएको थियो। विष्णुको सातौं अवतार मानिने उनको जन्म हुँदा पुनर्वसु नक्षत्र थियो। कुण्डलीमा चन्द्रमाका साथ वृहस्पति रहेको



कर्कट लग्नको योग परेको थियो। भगवान रामचन्द्रको कुण्डलीमा पाँचग्रह सूर्य, मंगल, गुरु, शुक्र र शनि एकसाथ हुने दुर्लभ योग परेको थियो। वर्षका चार नवरात्रमध्येको वासन्तीय नवरात्रका नवमीका दिन जन्मिएका रामचन्द्रले राक्षसी प्रवृत्तिको अन्त्य गरी रामराज्य स्थापना गरेको इतिहासिक धर्म ग्रन्थमा उल्लेख छ। 'रामको राज्यबाट जसरी सारा मानिस खुसी थिए, अहिलेका शासकले त्यस्तै बन्न सक्नुपर्छ, त्यसबेला जनता पनि अनुशासित, मर्यादित र नियन्त्रित थिए, यसैले रामलाई मर्यादा पुरुषोत्तम भनिन्छ, हामीले यसलाई अनुसरण गर्नसके मात्र यो पर्व मनाउनुको अर्थ हुन्छ, वा राम राज्यको कल्पना गर्न सकिने छ।'

रौतहटको गौर, राजदेवी, माधवनारायण, गढिमाइ, वृन्दावन, चन्द्रपुर, गुजरा, फतुवा विजयपुर, मौलापुर, बौधीमाइ, देवाही गोनाही, कटहरिया, गरुडा, राजपुर, परोहा, इशनाथ नगरपालिका र दुर्गा भगवती, यमुनामाई गाउँपालिकाको विभिन्न स्थानमा भगवान रामचन्द्रको जन्म भएको रामनवमीको दिनमा रामधुन, ज्याली, किर्तन, भजन तथा विभिन्न भक्तिभावमा सज्जिएर भव्यताका साथ रामनवमी पर्व मनाइएको हो।

# लमजुङ समाज यूकेको अध्यक्षमा पूर्ण गुरुङ निर्विरोध

**लन्डन/मस–** लमजुङ समाज यूकेको अध्यक्षमा पूर्णराज गुरुङ र आमा समूहको अध्यक्षमा तारा गुरुङ निर्विरोध निर्वाचित भएका छन्। अल्डरसटस्थित डि लाउन्ज रेस्टुरेन्ट एन्ड कक्टेल बारमा भएको लमजुङ समाज यूकेको १८औं वार्षिक साधारणसभा तथा ७औं महाधिवेशनबाट पूर्णराजको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो। कार्यक्रम संस्थापक अध्यक्ष चन्द्रप्रसाद गुरुङ, अध्यक्ष दलबहादुर गुरुङ र आमा समूह अध्यक्ष माला घलेले बत्ती बालेर उद्घाटन गरेका थिए।

साधारणसभाले लमजुङ समाज यूकेको सातौं कार्यसमिति सबै निर्विरोध चयन भएको घोषणा गरिएको थियो। नयाँ कार्यसमिति अध्यक्षमा पूर्णराज, उपाध्यक्षमा





परशु गुरुङ, कुमार गुरुङ र माला घले, महाचिवमा कृष्णराज गुरुङ, सहसचिवमा अनुप गुरुङ र कोषाध्यक्षमा उमरजंग गुरुङ र सहकोषाध्यक्षमा गणेश गुरुङ निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ।

यसैगरी आमा समूह अध्यक्षमा तारा गुरुङ, उपाध्यक्षमा लक्ष्मी गुरुङ र सचिवमा मनिता गुरुङ चयन भएका छन्। निर्वाचन समितिको प्रमुख आयुक्तमा समाजका पूर्वअध्यक्ष विश्वजंग गुरुङ रहेका थिए। कार्यक्रम सञ्चालन महासचिव कुमार गुरुङले गरेका थिए।

अधिवेशनबाट नवनिर्वाचित पूर्णराज गुरुङले आफू र आफ्नो टिमलाई निर्विरोध चयन गरेकोमा सबैलाई धन्यवाद दिँदै सबैको सल्लाह, सुझावअनुसार समाजलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे। सो अवसरमा राष्ट्रिय समाचार समितिका बोड डाइरेक्टर कृष्ण अधिकारीलाई सम्मान गरिएको थियो। यस्तै अन्त्यमा अध्यक्ष दलबहादुर गुरुङले अधिवेशन सफल भएकोमा सबै सहभागीलाई धन्यवाद दिँदै नयाँ कार्यसमितिलाई बधाइ अनि आफू नेतृत्वको कार्यसमितिलाई सहयोग गरेकोमा सबैलाई धन्यवाद दिएका थिए।

# तीनकुने घटनामा संलग्न कसैलाई पनि छोड्नु हुँदैन : सभापति

**काठमाडौं/मस–**नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले तीनकुने घटनाका दोषीलाई कानुनबमोजिम कडा कारबाही गर्नुपर्ने बताएका छन्।

तीनकुने घटनामा ज्यान गुमाएका पत्रकार सुरेश रजकको परिवारलाई भेटेर सान्त्वना दिँदै हिंसात्मक घटनाका दोषीलाई कुनै पनि बाहनामा छोड्न नहुने बताए।

'यही चैत १५ गते तीनकुने



घटनामा पत्रकार सुरेश रजकसहित दुई जनाको मृत्यु भएको छ, धेरै व्यक्ति घाइते भएका छन्, उक्त घटनाका दोषीलाई कारबाही गर्नुपर्छ, कसैलाई पनि छाड्नु हुँदैन', पूर्वप्रधानमन्त्री देउवाले भने।

सभापति देउवाले आफ्नो पार्टीले तीनकुने घटनाको छानबिन गर्नुपर्ने निर्णय गरेको बताए। सोही क्रममा रजकका परिवारले सभापति देउवा समक्ष उक्त घटनाको छानबिन नै नभएकाले दोषी उम्कन सक्ने आशंका व्यक्त गरेको थियो।

## दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१२/२४**

रातु महिला सा.व.उ.स. को वन क्षेत्रबाट संकलन गरिएको साल जातका दाउरा चट्टा २ (दुई) जेजस्ता अवस्थामा छ। सोही अवस्थामा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गनुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरा आधारित दर्ता नविकरण तथा नियमानुसार सुचिकृत भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र बोलपत्र खरिद गरि सोही दिन सिलबन्दी बोलपत्र दाखिला गर्न अह्वान गरिन्छ। यस सम्बन्धित विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री रातु महिला सामुदायिक वन उपभोक्ता समूह बर्दिवास न.पा. ३, महोत्तरी**

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१।१२।२५**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७८/०५/०८ मा स्वीकृति प्राप्त भई साविक कम्पनी **लजिकल एजुकेशनल ग्रुप प्रा.लि. (प्रा.लि. नं. २१२७४९)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्नऋण धन, कर दायित्व आदि परिवर्तित नामको **बागेश्वरी ट्रेड्स एण्ड मिडिया हब प्रा.लि.** अङ्ग्रेजीमा **Bageshwori Traders And Media Hub Pvt. Ltd.** ले सकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

## मिर्चैया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मिर्चैया, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः–२०८१/१२/२५ (April 07, 2025)**

यस कार्यालयबाट मिति २०८१/११/१८ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र E–Bid मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको सिफारिश अनुसार देहायका उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा १, २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं. | योजनाको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (With Vat and PS) |
|---|---|---|---|
| 03-MM-NCB-Road Works-2081/82 | Construction and upgrading of mirchaiya Thana Chauk Main gate-Mirchaiya Municipal Road section with asphalt concrete | Gunja Construction, Golbazar 6, Siraha | Nrs. 1,19,12,310.53 (One Crore Nineteen Lakhs Twelve Thousand Three Hundred and Ten Rupees and Fifty Three Paisa Only) |

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘जनै हराएको बाहुन’को शुभमुहूर्त



**काठमाडौं/मस–** चलचित्र ‘जनै हराएको बाहुन’को शुभमुहूर्त गरिएको छ । काठमाडौंको बूढानीलकण्ठमा आइतबार बिहान चलचित्रको शुभमुहूर्त गरिएको हो ।

शुभमुहूर्तमा चलचित्रका अधिकांश कलाकारको उपस्थिति थियो । बूढानीलकण्ठ मन्दिर परिसरभित्र भएको शुभमुहूर्तमा अभिनेत्री मिरुना मगर, अभिनेता सुशांक मैनाली, कलाकार गौरव पहाडी र भोलाराज सापकोटाले मुहूर्त सर्ट दिए ।

सोमबारदेखि चलचित्रको छायांकन सुरु हुने निर्माण पक्षले जनाएको छ । यसअघि यो चलचित्रको स्क्रिप्ट पूजा पनि गरिएको थियो ।

‘जनै हराएको बाहुन’लाई हिमाल न्यौपानेले निर्देशन गर्दै छन् । ‘जनै हराएको बाहुन’मा विजय बराल, सुशांक मैनाली, केकी अधिकारी, मिरुना मगर, गौरव पहाडी, रियर राई, भोलाराज सापकोटालगायत कलाकारको अभिनय रहने छ ।

निर्माण टिमका अनुसार सोमबार काभ्रेपलाञ्चोकको पनौतीबाट चलचित्रको छायांकन सुरु हुने छ । पाल्पा र काठमाडौंमा पनि छायांकन हुने छ । ‘जनै हराएको बाहुन’ले गाउँदेखि शहर आएका एक सरल व्यक्तिले भोग्नुपरेका अनपेक्षित घटना र त्यसले उनको जीवनमा ल्याएको परिवर्तनको कथा भन्ने छ । चलचित्रले आमा र छोराबीचको भावनात्मक कथा भन्ने छ ।

शुभमुहूर्तपछि मिडियासँग संक्षिप्त कुरा गर्दै अभिनेत्री मिरुनाले भनिन्, ‘यो टिममा आबद्ध हुन पाउँदा नै म एकदमै खुसी छु । सम्पूर्ण टिमलाई नै धन्यवाद भन्न चाहन्छु । यसमा मेरो क्यारेक्टर मेरा लागि विशेष छ ।’

एसोसियट निर्देशक राउतले ‘जनै हराएको बाहुन’मा हामी सबै नेपालीको कथा रहेको बताए । ‘यसमा हाम्रो सम्बन्धको कथा छ, दाजु-भाइबीचको सम्बन्धका बारेमा छ, आमा-छोराका बारेमा छ’, उनले भने ।

यस्तै, अभिनेता मैनालीले चलचित्र ‘टलकजङ भर्सेस टुल्के’ रिलिज भएको १० वर्षपछि आफू सिनेमामा देखिन लागेको बताउँदै यो टिममा आबद्ध हुन पाउँदा नै म एकदमै खुसी लागेको बताए ।

निर्देशक न्यौपानेको यो डेब्यु निर्देशन हो । यो चलचित्रको एसोसियट निर्देशकमा ‘प्रेमगीत ३’ अभिनेता मनीष राउत छन् ।

बलियो लाइनअप रहेको चलचित्रको कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका छन् । पेपरक्लिप प्रा. लि.को निर्माण रहने चलचित्रका विमल न्यौपाने निर्माता हुन् । चलचित्रका कार्यकारी निर्मातामा कमल न्यौपाने, नारायण तिम्सिना, चुरामणि शिवाकोटी, रूपेश लामा र आरके मानन्धर छन् । थानेश्वर गौतम र एसडी योगीको संगीत रहने यस सिनेमामा लक्ष्मणराज पौडेल प्रोडक्सन म्यानेजर रहेका छन् ।

चलचित्रको छायांकन सेडचुल ४० दिनको रहेको छ । यस सिनेमाका निर्माता आदित्य फिल्म्स रहेका छन् भने नवीन गुरुङले छायांकन गर्ने छन् ।

# नेपाली सेना लघुचलचित्र प्रतियोगितामा ‘उडान’ प्रथम





**काठमाडौं/मस–** नेपाली सेनाले हरेक वर्ष गर्दै आएको लघुचलचित्र प्रतियोगितामा यो वर्ष रविन तामाङको लघुचलचित्र ‘उडान’ले प्रथम स्थान हासिल गरेको छ । नेपाली सेना लघुचलचित्र प्रतियोगिता, २०८१ अन्तर्गत प्राप्त ५० वटा आलेखमध्ये छनोट भएको उत्कृष्ट १० प्रतियोगी कथाले लघुचलचित्र निर्माणमा भाग लिएका थिए ।

गत २० चैतमा कार्यक्रमका प्रमुख अतिथि तथा प्रधानसेनापति अशोकराज सिग्देलको उपस्थितिमा आर्मी हेडक्वार्टर भद्रकालीको सभाहलमा सम्पन्न भएको लघुचलचित्र प्रतियोगितामा प्रथम स्थान हासिल गरेको ‘उडान’ले २ लाख रुपैयाँ नगद पुरस्कारसमेत प्राप्त गरेको थियो ।

नेपाली सेना लघुचलचित्र प्रतियोगिता, २०७८ मा पनि तामाङको लघुचलचित्र ‘कस्तुरी’ प्रथम र ‘डोल्मा’ले तेस्रो स्थान हासिल गरेको थियो ।

लघुचलचित्र ‘उडान’मा आर्मी जंगल र जंगली पैदावारको सुरक्षा गर्नका निमित्त वन्यजन्तुको संरक्षणका लागि निकुञ्जमा तैनाथ रहने तर निकुञ्ज नजिकैको बस्तीकी एक बालिका निकुञ्जकै जनावरबाट बाली बचाउनका लागि कुर्नुपर्ने हुन्छ । यही समस्या र समाधानको वरिपरि कथावस्तु रहेको छ ।

चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका बालकलाकार सुप्रिम राईको अभिनयले निकै तारिफ बटुलेको थियो । ग्याल्जेन क्रियसनको प्रस्तुतिमा बनेको लघुचलचित्र ‘उडान’मा मिस तामाङ रिया लामा, रमिला मोक्तान, सुनिता श्रेष्ठ, टोनी तामाङ, विकास थापा मगर, वीरबल घले, सुवास राई, शुक्रराज मगरको अभिनय छ ।

‘उडान’को कास्टिङ डाइरेक्टर सुरेन्द्र क्षेत्री हुन् भने छायांकन विनोद बलले गरेका छन् । क्रियटिभ डिरेक्सन बाबुराम निरौलाले गरेका छन् । मुख्य सहायक निर्देशक अन्सुल डाँगी, पंकज सार्की छन् ।

भरत महरले सेट डिजाइन गरेका हुन् । पोस्ट प्रोडक्सन रिमा फिल्म्सले गरेको ‘उडान’को सम्पादन मिराज अर्यालले गरेका हुन् । लघुचलचित्रको साउन्ड डिजाइन तथा पार्श्व गायन मनोज खड्काले गरेका हुन् ।

# ‘कर्मा’को ट्रेलर युटचुब ट्रेन्डिङमा



**काठमाडौं/मस–** चलचित्र ‘कर्मा’को ट्रेलर ट्रेन्डिङमा आएको छ । नेपालसहित विभिन्न देशमा ‘कर्मा’को ट्रेलर युटचुब ट्रेन्डिङमा परेको हो । ठूलो नेपाली डायस्पोरा रहेका देश कतार, कोरिया र जापानमा ‘कर्मा’को ट्रेलर युटचुब ट्रेन्डिङमा परेको हो । नेपालमा मुभी सेक्सनको छैटौं स्थानमा छ । विभिन्न देशमा ट्रेन्डिङमा आएसँगै चलचित्र ‘कर्मा’को ओभरसिज मार्केटमा डिमान्ड थप बढ्ने निश्चित छ ।

बिहीबार सार्वजनिक ‘कर्मा’को ट्रेलरको सामाजिक संजालमा उत्कृष्ट रहेको प्रतिक्रिया आइरहेको छ । सिनेमा रिलिजको मिति नजिकिँदै जाँदा ट्रेलरले चलचित्रको हाइप बढाइरहेको छ ।

ट्रेलरमा सिनेमाका मुख्य कलाकार विपीन कार्की, उपासनासिंह ठकुरी, मुकुन भुसाल, सरिता गिरीलगायत कलाकार अटाएका छन् । सार्वजनिक ट्रेलरमा भ्रष्ट समाजले एक निर्दोष युवालाई कसरी अपराधी बनाउँछ भन्ने प्रस्ट पारिएको छ ।

आफ्नो उद्देश्य प्राप्तिका लागि हिँडेको युवा कसरी परिबन्धमा परेर गुण्डागर्दी र प्रहरीको कस्टडीमा पुग्छ भन्ने ट्रेलरमा देख्न सकिन्छ ।

विपीनलाई एक्सनमा उतारेका निर्देशक सौरभ चौधरीले एक्सनको जगमा बसेर पैसा र पावरका लागि मरिहत्ते गर्ने समाजको कथा भनेका छन् । ‘कर्मा’मा विपीन, उपासना। मुकुन र सरितासँगै दिव्यदेव, बेन बस्नेत, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मालगायतको अभिनय छ ।

‘कर्मा’ २९ चैतमा रिलिज हुँदै छ । नेपाल र विदेशमा यो चलचित्र एकसाथ प्रदर्शन हुने छ ।

‘कर्मा’ ड्रामा, सस्पेन्स र एक्सन जनरामा निर्माण भएको छ । सिनेमाको कथा निर्देशक चौधरी स्वयंले लेखेका छन् ।

‘कर्मा’को अन्तर्राष्ट्रिय प्रदर्शन विक्रीको अधिकार सेभेन सिज सिनेमाले लिएको छ ।

यो चलचित्रमा भाष्कर स्वाँरको संगीत निर्देशन, कविराज गहतराजको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन र निमेष श्रेष्ठको सम्पादन छ ।

तारानाथ न्यौपाने मुख्य सहायक निर्देशक रहेको सिनेमामा समीर मियाको भीएफएक्स, उत्तम न्यौपानेको ब्याकग्राउन्ड स्कोर, शाहिल खानको टिजर-ट्रेलर, विजय बस्यालको पब्लिसिटी डिजाइन छ भने र राजेन्द्र मोक्तान कलरिस्ट छन् ।

आर्टिस्टिक इन्टरटेनमेन्टको प्रस्तुति रहने ‘कर्मा’मा वसन्त लम्सालको लगानी छ । निर्देशक चौधरीको ‘अगस्त्य : च्याप्टर १’ले दर्शक र समीक्षकको राम्रो प्रतिक्रिया पाएको थियो ।


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Future Employment Service Pvt. Ltd. (**श्रम इजाजत पत्र नं. ६२७/०६३/०६४**) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेबार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. |
|---|---|---|
| १. | Jhamak Bahadur Karki | 5238/2224 |
| २. | Dr. Kalu Singh Khatri | 66183 |
| ३. | Ratiram Karki | 20594 |
| ४. | Anisha Tamang | 26-01-78-13159 |

**फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
लाजिम्पाट– २, गैरीधारा, काठमाडौं, नेपाल, श्रम ईजाजत नं. : ६२७/०६३/०६४
Tel No: 01-4004535, 4004532, 400552



Invitation for Bids
Government of Nepal,
Ministry of Home Affairs
## Department of Immigration
Kalikasthan, Dillibazar, Kathmandu, Nepal

### Invitation for Bids No: DOI/G/NCB-05/2081-82

**Date of publication: 2081/12/25**

1. The **Department of Immigration** invites **electronic** bids from eligible bidders for the procurement of Stationery and Printing Materials under National competitive bidding–Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Procurement Unit of Department of Immigration, Kalikasthan, Kathmandu, Email: info@immigration.gov.np, Tel No: +977-01-4529659/4529660, Fax: +977-01-4433935/ 4433934.*** or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office **Department of Immigration, Kalikasthan, Kathmandu** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs **3000** till **2082/01/23** during office hours.

   Or

   Bidders who choose to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of the bidding document in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Global IME Bank Ltd.** Name of Office: **Department of Immigration**
   Office Code no. **314033501(new)/27-314-16(old)** Office Account no.: **0004010000001**
   Rajaswa (revenue) Shirshak no. **14229**
4. Pre-bid meeting shall be held at **Department of Immigration, Kalikasthan, Kathmandu** at **2082/01/03.**
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 PM on 2082/01/24.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 PM on 2082/01/24** at the office of the **Department of Immigration, Kalikasthan.** Bids must be valid for a period of **90 days** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. **80,000,** which shall be valid for 30 days beyond the validity period of the bid. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such cases the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.



### Invitation for Quotations
Jhapa Rural Municipality
## Office of the Rural Municipal Executive
Taghandubba, Jhapa
**Date of publication(second notice): 2025-04-07 (2081-12-25)**

1. **[Jhapa Rural Municipality, Office of Rural Municipal Executive]** invites electronic Quotations from Nepalese eligible bidders for the procurement of following works under Sealed Quotation procedures.
2. Eligible bidders may obtain further information and inspect the Quotation Documents at the PPMO website www.bolpatra.gov.np/egp.

| S.N | Name Of Procurement | Last Date Of Quotation Submission/Opening | Bid Security Amount And Validity Period |
|---|---|---|---|
| 1. | salma ra bajar ko paschim sorughutua aune bato ma box culvert nirman<br>Contract ID: SQ/JHAPA/JRM/03/081-82(RE) | 2025/04/22<br>(2082/01/09)<br>12:00PM/1:00PM | 40,000/-<br>(45+30) DAYS |

**Chief Administrative Officer**



## डिभिजन वन कार्यालय पहलमानपुर कैलालीको काठ/दाउरा लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना

**मध्यान्ह राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशन मितिः २०८१/१२/२५ गते**

यस कार्यालय मातहतको सव डिभिजन वन कार्यालय, सुखड, कैलाली अन्तर्गत राष्ट्रिय वनक्षेत्रबाट आ.व. ०८०।८१ मा संकलन भई श्री बुलबुले रानी सा.व.उ.स. कम्पाउण्ड, घोडाघोडी नगरपालिका वडा नं. १०, कैलालीमा घाटगद्दी गरिएको विभिन्न लटका साल जातको गोलिया काठ थान ७७३ को परिमाण ६०३३।४३ क्यू.फिट, सादन र अन्य जातको गोलिया काठ थान ७१ को परिमाण ६२७।८५ क्यू.फिट र साल, सिसौ तथा अन्य जातको १९।७५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको २१ (एक्काइस) दिनभित्र वन निर्देशनालय धनगढी, कैलाली वा यस कार्यालयबाट बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र २२ (बाइस) औं दिनको अपरान्ह २:०० बजेभित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीमा दाखिला गर्न आव्हान गरिन्छ ।



## लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भल्का, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति :– २०८१/१२/२५**

मिति २०८१/११/१२ गते प्रथम पटक प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरूको न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम/कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| 1 | 09/LCM/W/2081/082 | Haraiyapur shrikrishna mandir dekhi jaleroad kharaula samma sadak kalopatre | Anukul Nirman Sewa Pvt. Ltd. Lamkichuha-01, kailali | 1,12,00,993.25 |

**प्रमुख प्रशासकीय अधिकृत**

# नेपालसँगको शृंखला एक खेलअगावै अफगानिस्तानलाई




**काठमाडौं/मस-** अफगानिस्तान यू-१९ टोलीविरुद्धको एकदिवसीय शृंखलामा नेपाल लगातार पराजित भएको छ । आइतबार भएको दोस्रो खेलमा नेपाली यू- १९ टोली अफगानिस्तानसँग १ रनले पराजित भएको हो । योसँगै अफगानिस्तानले नेपालविरुद्धको शृंखला एक खेल अगावै जितेको छ । यसअघि पहिलो खेलमा नेपाल अफगानिस्तानसँग १३० रनले पराजित भएको थियो ।

मुलपानी क्रिकेट मैदानमा टस जितेर अफगानिस्तानले पहिला ब्याटिङ गर्दै निर्धारित ५० ओभरमा सबै विकेट गुमाएर १६८ रन बनायो । एक सय ६९ रनको लक्ष्य पछ्याएको नेपालले ४९.३ ओभरमा सबै विकेट गुमाउँदै १६७ रन मात्र बनाउन सक्यो । नेपालका लागि साहिल पटेलले ११९ बलमा ६ चौकाको मद्दतले सर्वाधिक ६४ रनको योगदान दिए । यसैगरी अभिषेक तिवारीले २०, निरजकुमार यादवले १५ तथा कप्तान नरेन भट्टले १३ रन बनाए ।

बलिङतर्फ अफगानिस्तानका लागि वाहिदुल्लाह जाद्रन, जाइतुल्लाह शहिन र हाफिज जाद्रनले दुई दुई तथा रोहुल्लाह अरब, कप्तान महबुब खान र उजाइरुल्लाह नियाजाइले समान एक एक विकेट लिए ।

त्यसअघि टस जितेर ब्याटिङ गर्ने क्रममा अफगानिस्तानका लागि कप्तान महबुब खानले ११४ बलमा एक चौकाको मद्दतले सर्वाधिक ५८ रनको योगदान दिए । यसैगरी रोहुल्लाह अरबले २७, उजाइरुल्लाह नियाजाइले १९, नजिफुल्लाह अमिरीले १६, खतिर स्तानिकजाइले ११ र खालिद अहमदजाईले १० रन बनाए ।

बलिङतर्फ नेपालका लागि सन्तोष यादवले तीन, सिब्रिन श्रेष्ठ र विपिनप्रसाद शर्माले दुई-दुई तथा अभिषेक तिवारीले एक विकेट लिए । शृंखलाको अन्तिम खेल यही चैत २७ गते हुनेछ ।

# गण्डकी प्रदेश भलिबल टिमका पूर्वकप्तान पाण्डे कतारमा सम्मानित



**दोहा कतार/मस-**गण्डकी प्रदेश भलिबल टिमका पूर्व कप्तान खोम प्रसाद पाण्डे (हरि) कतारमा सम्मानित भएका छन् । पर्वत समाज कतारले आयोजना गरेको भलिबल प्रतियोगितामा सहभागी हुन कतार आएका स्याङ्जा जिल्ला निवासी पाण्डेलाई गण्डकी प्रदेश समन्वय परिषद् कतारले एक कार्यक्रमका बीच सम्मान गरेको हो ।

नेपालको राष्ट्रिय खेल भलिबलमा लामो समय खर्चिएका पाण्डेलाई शनिबार साँझ परिषद्ले खादा, मायाको चिनो सहित सम्मान पत्रले सम्मान गरेको हो । सम्मान ग्रहण पश्चात् बोल्दै पाण्डेले जीवनका तीता अनुभव सुनाए । कहीँकतैबाट सेवा सुविधा ग्रहण नगरी गण्डकीको भलिबलको श्रीवृद्धिका लागि योगदान गरे पनि प्रदेश सरकारले उपेक्षा गरेपछि आफूले कप्तानीबाट राजीनामा दिएको उनले बताए । 'परिवार न्यून आए भएको र आफन्त पनि देश विदेशमा धेरै नभएको हुँदा फराकिलो साथ पाउँदिन,' पाण्डेले पीडाको पोको खोले ।

परिषद्का अध्यक्ष अजय विकको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा कतारमा रहेका परिषद् मातहतका जिल्ला अध्यक्ष तथा प्रतिनिधिहरूसहित विभिन्न व्यक्तित्वहरूले खेलाडी पाण्डेको खेल जगतको योगदान उपर चर्चा गरेका थिए ।

परिषद्का वरिष्ठ उपाध्यक्ष रोशन अर्यालको स्वागत र महासचिव मनप्रसाद राना मगरको सहजीकरणमा सम्मान कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको समापन गर्दै सभाध्यक्ष विकले भलिबल क्षेत्रको विकासका लागि गण्डकीवासी एक हुन आवश्यक रहेको बताए ।

## धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मुढेशनिश्चरे, संखुवासभा
### काशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मितिः-२०८१/१२/२५**

यस कार्यालयको मिति २०८१/११/२० गते तपसिलको निर्माण कार्यका लागि प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार, E–bidding (www.bolpatra.gov.np/egp) मार्फत पेस भएका बोलपत्रहरुमध्ये सबैभन्दा न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरूमा तपसिलका बोलपत्र स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ उपदफा २ को प्रयोजनार्थ यो सूचना जारी गरिएको छ ।

**तपसिलः**

